का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ मंसिर २०८२
आइतबार
23 November 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २८३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# १० हजार बढी कर्मचारी कटौतीको निर्णय अलपत्र



संघतर्फको निजामती दरबन्दी संख्या ५१ हजार ६ सय ७४ छ । प्रदेशमा ३२ हजार ८ सय ४७ र स्थानीय तहमा ६५ हजार ५ सय ५६ कर्मचारी छन् । २० प्रतिशत कटौतीको निर्णय कार्यान्वयन भए १० हजार ३ सय ३४ कर्मचारी दरबन्दी कटौती हुनेछ ।



"अर्थ मन्त्रालयअन्तर्गतको हकमा निर्णय लागू भएको छ । बाँकी मन्त्रालयअनुसार कार्यान्वयनको प्रक्रियामा छ ।"

**● निता पोखरेल अर्याल**
सह-सचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, ६ मंसिर

सरकारी कर्मचारीको संख्यामा २० प्रतिशतले कटौती गर्ने निर्णय भएको दुई महिना नाघ्यो । यसबीचमा के कति प्रगति भयो सरकारले केही भनेको छैन ।

तथापि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारी निर्णय कार्यान्वयनको प्रक्रियामा रहेको र प्रगतिसमेत भएको बताउँछन् ।

अर्थ मन्त्रालयअन्तर्गतको हकमा निर्णय लागू भएको छ । बाँकी मन्त्रालयअनुसार कार्यान्वयनको प्रक्रियामा छ ।

संघीय मामिलाकी सह-सचिव निता पोखरेल अर्यालका अनुसार अर्थ मन्त्रालयको हकमा यो निर्णय लागू भएको जानकारी प्राप्त भएको छ । उनी भन्छिन्, 'अर्थ मन्त्रालयअन्तर्गतको हकमा निर्णय लागू भएको छ । बाँकी मन्त्रालयअनुसार कार्यान्वयन प्रक्रियामा छ ।'

>>> पृष्ठ २ मा




# एमाले बाहेकका दल चुनावकै पक्षमा



"आगामी दिनमा अझ व्यापक, अझ सशक्त सभा गर्दै जानेछौं, जबसम्म प्रतिनिधि सभाको पुनर्स्थापना हुँदैन । माग राख्नलाई राखिएको माग होइन । यो पूरा गराउन राखिएको माग हो ।"

**● केपी शर्मा ओली**
अध्यक्ष, एमाले



"सरकारले समयमै चुनाव गराउन आवश्यक सबै तयारी गरेको छ । सबै राजनीतिक दलहरूसँग नियमित संवाद भएको छ । दलहरूसँगको कुराकानीमा कसैले पनि नचाहेको भन्ने छैन ।"

**● जगदीश खरेल**
प्रवक्ता, नेपाल सरकार



"कांग्रेसले चुनावमा जाने निर्णय लिएको छ । आमनागरिकलाई भयरहित वातावरणमा चुनावमा भाग लिन हराइरहेका हतियार र कैदीबन्दीलाई तत्काल नियन्त्रणमा लिनुपर्ने कांग्रेसले माग गरेको छ ।"

**● गगन थापा**
महामन्त्री, कांग्रेस

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, ६ मंसिर

विघटित प्रतिनिधि सभाको पहिलो दल नेपाली कांग्रेसले के निर्णय गर्छ भन्ने आमचासोका बीच शनिबार कांग्रेसले चुनावमा जाने निर्णय गऱ्यो । कांग्रेसले चुनावमा जाने मात्रै भनेन सबै दललाई चुनावमा सहभागी हुन आह्वानसमेत गरेको छ । बैठकले वर्तमान राजनीतिक संकटको निकास, संविधानको संरक्षण र जेन-जीले उठाएको मागलाई संस्थागत रूपमा निर्वाचनबाटै सम्बोधन गर्न सकिने ठहर गर्दै निर्वाचनमा जाने निर्णय लिएको हो ।

यससँगै आगामी फागुन २१ मा तय भएको चुनावका पक्षमा सकारात्मक माहोल तयार हुने भएको छ । जेनजी आन्दोलनको जगबाट बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको मुख्य कार्यभार चुनाव गराउनेछ । सोहीअनुसार सरकारले आवश्यक तयारी गरिरहेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए । उनले भने, 'सरकारले समयमै चुनाव गराउन आवश्यक सबै तयारी गरेको छ । सबै राजनीतिक दलहरूसँग नियमित संवाद भएको छ । दलहरूसँगको कुराकानीमा कसैले पनि नचाहेको भन्ने छैन ।' केही नेताहरूले सुरक्षाको विषयमा बढी संवेदनशील हुनुपर्ने सुझाव दिएकाले सरकार त्यसतर्फ संवेदनशील रूपमै लागेको उनले बताए ।

दलहरूले सरकार चुनावको तयारीमा लागिरहँदा सुरक्षालगायत कारण देखाएर दलहरू नै चुनावमा भाग लिँदैनन् कि भन्ने संशय भइरहँदा कांग्रेसको निर्णयलाई सरकार पक्षले स्वागत गरेको छ । कांग्रेसले राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधि

>>> पृष्ठ २ मा

## महाधिवेशनको निर्णयमा पुगेन कांग्रेस

लामो रस्साकसीबीच कांग्रेसले आवधिक महाधिवेशनको निर्णय गर्न सकेनन् । असोज २८ देखि जारी केन्द्रीय समितिको बैठकमा १५औं महाधिवेशनको एजेन्डालाई सहमतिका साथ अघि बढाउने नेताहरूको प्रयास असफल भएको हो । आमचुनावअघि महाधिवेशन वा विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्नुपर्ने संस्थापनइतर समूहको नेताबीच अझै कुरा मिल्न नसकेपछि महाधिवेशनको कार्यतालिका अलमलमा परेको हो ।

कांग्रेसका महामन्त्री गगनकुमार थापाले मंसिरमा विशेष महाधिवेशन गर्नेकुरा निर्विकल्प भएको बताए । केन्द्रीय समितिको बैठकले निर्णय गर्न नसके पनि आवधिक अधिवेशन गर्ने समय नरहेकाले मंसिरमा विशेष अधिवेशन गर्नुपर्ने थापाको दाबी छ । निर्वाचनअघि अधिवेशन गर्ने कुरा अनिवार्य रहेको थापाले बताए । तर कांग्रेसले

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारी नखुलेको दूतावासको भनाइ

**तिलोचन गौतम/मध्याह्न**
क्वालालम्पुर, मलेसिया, ६ मंसिर

मलेसियास्थित नेपाली राजदूतावासले म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारी नखुलेकाले सामाजिक सञ्जालका सूचनामा भर नपर्न आग्रह गरेको छ । हाल काठमाडौंका केही म्यानपावर कम्पनीले मलेसियामा म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारी खुलेको भन्दै अन्तर्वार्ता गरी रकम उठाउने गरेको जानकारी आएको भन्दै राजदूतावासका कर्मचारीहरूले सामाजिक सञ्जालमा विश्वास नगर्न आग्रह गरेका हुन् ।

उत्पादन क्षेत्र मलेसियाको जिडिपीमा दोस्रो ठूलो योगदानकर्ता र निर्यात रोजगारीको क्षेत्र हो । विगतमा म्यानुफ्याक्चरिङ क्षेत्र खुला रहेको अवस्थामा नेपाली महिलासहित ठूलो संख्यामा नेपाली कामदार आउने गरेका थिए । मलेसियामा सेमी कन्डक्टर भनिने विद्युत् र इलेक्ट्रोनिक्स, पेट्रोलियम, रसायन, रबर र

>>> पृष्ठ २ मा

## मलेसियामा घरफिर्ती कार्यक्रम खुला

**क्वालालम्पुर, मलेसिया/मस-** मलेसियाले अवैधानिक अवस्थामा रहेका विदेशीलाई घरफिर्ती कार्यक्रम खुला गरेको छ । अवैधानिक अवस्थामा बसेका नेपालीहरू मलेसियाको अध्यागमन कार्यालयमा ५ सय २० रिंगेट जरिमाना तिरेर घर फर्किन पाउने छन् ।

त्यसअघि उनीहरूले राहदानी नभएको भए नेपाली राजदूतावासबाट ट्राभल्स डकुमेन्ट लिएर आफैंले जहाज टिकटको व्यवस्था गर्नुपर्ने छ । अवैधानिक भइ बसेकालाई माइग्रेन्ट रिटर्न प्रोग्राम २.० अन्तर्गत क्वालालम्पुरसँगै शाहआलम, केलेनाजया, पेलाबुहान क्लाङ वा काजाङस्थित अध्यागमन कार्यालयमा उपस्थित भएर बिना कारबाही आफ्नै देश फर्कन अध्यागमन विन्दु तोकेको मलेसियाले बताएको छ ।

हाल मलेसिया प्रहरीले अवैधानिक अवस्थामा बसेका विदेशी नागरिकहरूको धरपकड तीव्र पारेको छ । त्यसक्रममा पक्राउ परेका विदेशीले मलेसियामा अधिक समय बसेको तथ्य लुकाउन

>>> पृष्ठ २ मा



# तारमुक्त हुँदै काठमाडौंका सडक

तारमुक्त भएसँगै काठमाडौं उपत्यकाको सौन्दर्यता त बढेको छ नै यसबाट हुने दुर्घटनाजन्य जोखिमसमेत टरेको छ ।

**सपना बोहरा/मध्याह्न**
काठमाडौं, ६ मंसिर

काठमाडौं उपत्यकाका सडकहरू भद्रगोल अवस्थामा छरिएका विद्युतीय तारबाट मुक्त हुँदै गएका छन् । पोलमा जथाभावी बटारिएका तारले कुरूप देखिएको काठमाडौंका विभिन्न स्थान पछिल्लो समय तारमुक्त हुँदै गएको हो ।

तारमुक्त भएसँगै सहरको सौन्दर्यमा छुट्टै रौनक देखिएको छ । नेपाल विद्युत् प्राधिकरणले सहरी सौन्दर्यलाई वृद्धि गर्न 'उज्यालो र सहर सफाइ अभियान' चलाएको थियो ।

उज्यालो सहर अभियानअन्तर्गत प्राधिकरणले काठमाडौंसहित ललितपुर, भक्तपुरका मुख्य सडक, ऐतिहासिक सांस्कृतिक सम्पदा, विश्व सम्पदा सूचीमा सूचीकृत तथा पर्यटकीय स्थानमा सजावटयुक्त आधुनिक बत्ती (स्मार्ट लाइट) सञ्चालनमा ल्याएको छ । स्मार्ट लाइट जडान योजनाअनुसार काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत टेकु, त्रिपुरेश्वर, सुन्धारा, जमल, लैनचौर, नयाँ बजार, गल्खुपाखा, सोह्रखुट्टे, नयाँ बजार, लाजिम्पाट, थापाथली, रातोपुल, धोबीखोला कोरिडोरमा स्मार्ट लाइट जडान भएको छ ।

त्यस्तै, विष्णुमती क्षेत्रमा कोरिडोर, सेतोपुल, मैतीदेवी, डिल्लीबजार, पुतलीसडक, बागबजार, रत्नपार्क, नागपोखरी, नक्साल, टंगाल, गैरीधारा, ठमेल, न्युरोड, तिनकुने, एयरपोर्ट, गौशाला, मित्रपार्क, चाबहिल, चुच्चेपाटी, महांकाल, कोटेश्वर, जडीबुटीलगायतका क्षेत्रका केहीबाहेक

>>> पृष्ठ २ मा

**वातावरण स्वच्छ राखौं ।**

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com



# अनिश्चितकालीन आमहड्ताल फिर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर



राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान नेपालले गर्ने भनेको अनिश्चितकालीन आमहड्ताल फिर्ता भएको छ । शनिबार साँझ भएको सरकारसँगको वार्तामा यस्तो सहमति भएको हा । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलपछि सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्कीका मुख्य सल्लाहकार अजयभद्र खनाल र महाभियान नेपालका सचिव प्रेमदीप लिम्बूले सहमति पत्रमा हस्ताक्षर गरेका हुन् ।

सहमति पत्रमा उल्लेख भएअनुसार महाअभियानले उठाएका २७ बुँदे मागहरुका सन्दर्भमा विस्तृत छलफल भएको छ । छलफलका क्रममा वर्तमान शान्ति सुरक्षाको अवस्था समेतलाई ध्यानमा राखेर नागरिक बचाउ महाभिमानले उठाएका जायज मुद्दाहरुको सम्बोधनका लागि सरकारले निरन्तर छलफल, वार्ता र सहजीकरण गर्दै जानेछ ।

अर्को चरणको वार्ता महाभियानको नेतृत्वसहित यथाशीघ्र गर्ने समझदारी पनि भएको छ । महाभियानको नेतृत्व दुर्गा प्रसाईंले गर्दै आएका छन् ।

## १० हजार...

हालसम्म के कति कार्यान्वयन भए र कसरी कार्यान्वयनमा गयो भनेर कुनै पनि सरकारी निकायले औपचारिक रूपमा भनेका छैनन् । कटौती गरेको भए कटौती भएका कर्मचारी कस्ता हुन् र उनीहरूउपर सरकारले कुनै प्रकारले दायित्व लिन परेको छ वा छैन समेत केही भनेको छैन । अर्थात् सरकारसँगै निर्णय कार्यान्वयनको तथ्यांक छैन ।

२३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । लगत्तै तत्कालीन प्रतिनिधि सभामा दुई तिहाइ बहुमत रहेको सरकार अपदस्त हुन पुग्यो र २७ भदौमा अन्तरिम सरकार बन्यो । लगत्तै ३१ भदौमा बसेको सचिवको बैठकले मन्त्रालयसहितका कार्यालयमा २० प्रतिशत कर्मचारी कटौतीका लागि मन्त्रिपरिषद्मा सिफारिस गर्नेसहितको निर्णय गरेको थियो ।

देशको प्रशासनिक सुधार र सिंहदरबार परिसरमा भएको क्षति व्यवस्थापनका लागि भन्दै बसेको बैठकले नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय, कार्यालयमा रहेका दरबन्दी औसतमा २० प्रतिशत कटौती गर्ने निर्णय गरेको थियो । यसका लागि संशोधित दरबन्दी संरचना स्वीकृतिका लागि गत आसोज २० गतेभित्र नेपाल सरकार मन्त्रिपरिषदमा पेस गर्ने निर्णय पनि बैठकले गरेको थियो ।

तर यसमा उल्लेख्य प्रगति हुन नसकेको सरकारी कर्मचारीहरू नै पठाउँछन् । एकातिर काम गरिरहेका कर्मचारीलाई हटाउन गाह्रो हुने र अर्कोतिर सम्बन्धित कार्यालयहरूले समेत सकेसम्म कर्मचारी कटौती नगर्ने प्रयास गरेका छन् । यसकारण पनि २० प्रतिशत कर्मचारी कटौतीको निर्णय पूर्णतया कार्यान्वयनमा जान नसकेको हो ।

साथसाथै, सचिवस्तरीय बैठकले अनावश्यक देखिएका सरकारी संरचना/निकाय खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको थियो । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी तत्काल अगाडि बढाउने निर्णय भएको थियो । तर यसमा ठोस प्रगति भएको छैन ।

राष्ट्रिय किताबखानाअनुसार संघअन्तर्गतका कार्यालयको संख्या १ हजार ८ सय ९५ छ । यसबाहेक कतिपय विकासे मन्त्रालयअन्तर्गत अस्थायी विकास परियोजना पनि सञ्चालनमा छन् ।

संघीयताको अभ्यास गरिरहेको देशमा संघको दरबन्दी ठुलो भएको भन्दै लामो समयदेखि आलोचना हुँदै आएको छ । यही पृष्ठभूमिमा जेनजी आन्दोलन भएको र जेनजीको भावनासमेत चुस्त संरचना र प्रभावकारी सेवा रहेको भनेर अनावश्यक संरचना गाभ्ने निर्णय भएको थियो ।

यस्तै, निर्णय विगतमा सरकारले पनि गर्दै आएका थिए । पटकपटक नीति तथा कार्यक्रम पनि आए, बजेटमार्फत दरबन्दी कटौती गर्ने घोषणा पनि हुँदै आएका छन् । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने विषय निर्णयमा आउने व्यवहारका नआउने प्रवृति यसपटक पनि देखापरेको सरकारी अधिकारी नै बताउँछन् । प्रशासनिक संरचना सुधारबारे सुझाव लिन गठित आयोगले पनि संघीय दरबन्दी कटौती गर्न सुझाउँदै आएको छ ।

निजामती किताबखानाकाका अनुसार हाल संघतर्फको निजामती दरबन्दी संख्या ५१ हजार ६ सय ७४ छ । प्रदेशमा ३२ हजार ८ सय ४७ र स्थानीय तहमा ६५ हजार ५ सय ५६ कर्मचारी छन् । सचिवस्तरीय बैठकको निर्णय कार्यान्वयन भए १० हजार ३ सय ३४ कर्मचारी दरबन्दी कटौती हुनेछ । यसले ठुलो संख्यामा सार्वजनिक खर्च बचत हुने विश्वास सरकारको छ ।

तथापि सांसद्का स्वकीय सचिवलगायतका सुविधा भने खोसिएको छ । सातवटा प्रदेश सभामा ५ सय ५० जना प्रदेश सभा सदस्य छन् । प्रतिनिधि सभा २ सय ७५ र राष्ट्रिय सभा ५९ सदस्यीय छ । यी तीनवटै सभामा रहेका सांसदहरूले एक/एक जना स्वकीय सचिवको सुविधा पाउँदै आएका थिए । यो स्वकीय सचिवको सुविधा कटौतीलाई लिएर सातै प्रदेशका सभामुख-उपसभामुख, प्रतिनिधि सभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षले प्रधानमन्त्री कार्कीलाई नै भेटेर असन्तुष्टि जनाएका छन् ।

कर्मचारी कटौती अन्तर्गत भएका केही निर्णय कार्यान्वयनले नै सरकारमा दबाबमा परेपछि बाँकी निर्णय कार्यान्वयमा सकस परेको सरकारी अधिकारी बताउँछन् ।

## एमाले...

सभा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णयसमेत गरेको कांग्रेसका महामन्त्री गगन थापाले बताए । कांग्रेसले निर्वाचनको वातावरण निर्माण बनाउन सरकारलाई आग्रहसमेत गरेको छ । थापाले भने, 'कांग्रेसले चुनावमा जाने निर्णय लिएको छ । आमनागरिकलाई भयरहित वातावरण बनाउन कांग्रेसले हराइरहेका हतियार र कैदीबन्दीलाई तत्काल नियन्त्रणमा लिनुपर्ने माग गरेको छ । कांग्रेस चुनावमा भाग लिँदै गर्दा पार्टीको विशेष अधिवेशन गरेर जाने निर्विकल्पजस्तै बनेको छ ।' निर्वाचन सुरक्षाको वातावरण बनाउन सबै सुरक्षा संयन्त्रहरूले निर्वाचन सुरक्षा योजनामा लागेको बताएका छन् ।

तर नेकपा एमाले भने अझै चुनावको विरोधमा उत्रिएको छ । एमालेबाहेक सबै दल चुनावका पक्षमा उभिएका छन् । एमालेका अध्यक्ष केपी शर्मा ओलीले शनिबार प्रतिनिधि सभा पुनर्स्थापना नभएसम्म शक्ति प्रदर्शनलाई निरन्तरता दिने घोषणा गरे । भृकुटीमण्डपमा आयोजित सभालाई सम्बोधन गर्दै ओलीले प्रतिनिधि सभा पुनर्स्थापना नभएसम्म एमालेको सभा जारी रहने बताए । 'यो अन्तिम होइन, सुरुवात हो । यो कुनै भोट माग्नलाई चुनावी सभा गरिएको होइन,' ओलीले भने, 'देश बचाउन, लोकतन्त्र बचाउन, संविधान बचाउन, जनताको अधिकार बचाउन गरिएको सभा हो । प्रतिनिधि सभा पुनर्स्थापना नभएसम्म चलिरहन्छ ।'

गत भदौ २३ र २४ को जेनजनी आन्दोलनले सत्ता र संरचना ध्वस्त बनाएपछि भदौ २७ को मध्यरातमा पूर्वप्रधानन्यायाशीध सुशीला कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री नियुक्त गरेका थिए । जेनजीकै मागअनुसार प्रधानमन्त्री बनेकी कार्कीले पदभार ग्रहणलगत्तै २७ गते राति नै प्रतिनिधि सभा विघटनको प्रस्ताव राष्ट्रपति पौडेललाई पठाएकी थिइन् । सो प्रस्ताव राष्ट्रपति पौडेलले तत्कालै स्वीकृत गरेका थिए । प्रधानमन्त्रीको नियुक्ति प्रक्रिया नै संवैधानिक नभए पनि राजनीतिक रूपमा मुलुकको नेतृत्व प्रदान गर्ने वैकल्पिक उपाय खोजेर कार्कीलाई प्रधानमन्त्री बनाइएको थियो । प्रधानमन्त्रीको नियुक्ति प्रक्रिया र प्रतिनिधि सभा विघटनको निर्णयविरुद्धमा कानुन व्यवसायीले सर्वोच्चमा रिट दिएका थिए । सो मुद्दा अदालतमा विचाराधीन छ ।

यसअघि दुईपटक संसद् विघटन गरेका तत्कालीन प्रधानमन्त्री केपी ओली अहिले सुशीलाले गरेको संसद् विघटनविरुद्ध छन् । ओलीलाई अपदस्थ गरेर आएको नयाँ सरकारले गरेको संसद् विघटन संवैधानिक नभए पनि जेनजी आन्दोलनपछिको राजनीतिक आवश्यकता भएको विश्लेषक विष्णु पन्थीले बताए । यद्यपि ओलीले प्रतिनिधि सभा पुनर्स्थापना गराएरै छाड्ने दाबी गरेका छन् । 'आगामी दिनमा अझ व्यापक, अझ सशक्त सभा गर्दै जानेछौं, जबसम्म प्रतिनिधि सभाको पुनर्स्थापना हुँदैन,' ओलीले भने, 'माग राख्नलाई राखिएको माग होइन, यो । पूरा गराउन राखिएको माग हो ।' उनले अरू राजनीतिक दलहरूलाई पनि पुनर्स्थापनाको पक्षमा उभिन आग्रह गरेका छन् । 'एमाले यसको अग्रभागमा छ । सबै पोलिटकल पार्टीहरूलाई पनि पोलिटकल पार्टीको औचित्य साबित हुनेगरी प्रस्तुत हुन आग्रह गर्न चाहन्छु' । संसद् पुनर्स्थापना गरौं, जेनजीका मागलाई पनि सम्बोधन गरौं, लोकतन्त्र पुनर्स्थापना गरौं, संविधानलाई बाटोमा हिंडाऔं ।'

कांग्रेसकै आशमा बढी उत्तेजित भएको एमाले कांग्रेसको चुनावमा जाने निर्णयले सशंकित बनेको छ । विघटित प्रतिनिधि सभामा कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सांसदहरूको हस्ताक्षरसमेत संकलन गरेका थिए । एमाले सांसदहरूको हस्ताक्षर संकलनलाई साथ दिने उद्देश्यले नै घिमिरेले अभियान चलाए पनि कांग्रेसले चुनावमा जाने निर्णय गरेपछि भस्किएको हो । नेपाली कम्युनिस्ट पार्टीसहित दल यसअघि नै चुनावमा जाने निर्णयमा पुगिसकेका छन् । अर्थात् चुनाव नभएर प्रतिनिधि सभा पुनर्स्थापनाको माग राख्ने पक्षमा एमाले अब एक्लिएको छ ।

## महाधिवेशनको...

पार्टी महाधिवेशनको विषयमा निर्णय गर्न मंसिर ११ गतेका लागि बैठक सारेको छ । यसबीचमा दुवै समूहबीच साझा धारण बनाएर निर्णयमा पुग्ने नेताहरूले बताएका छन् । इतर समूहका नेताहरू पुसभित्र आवधिक महाधिवेशनको कार्यसूची ल्याउनुपर्ने नत्र केन्द्रीय समितिले नै विशेष महाधिवेशनको निर्णय गर्नुपर्ने पक्षमा छ । तर पुसमा नियमित महाधिवेशनको तालिका ल्याएर विशेष महाधिवेशनको माग गर्ने महाधिवेशन प्रतिनिधिको हस्ताक्षर फिर्ता गराउने प्रयासमा छ । महाधिवेशनको कार्यतालिका ल्याएपछि विशेष महाधिवेशनका लागि दर्ता भएको हस्ताक्षर फिर्ता गराएर पुनः महाधिवेशन सार्ने योजना कार्यवाहक सभापतिसहितका नेताहरूको योजना छ । यद्यपि महाधिवेशनका सन्दर्भमा कस्तो निर्णय आउँछ भन्ने ११ गतेसम्म कांग्रेसका कार्यकर्ताले पर्खनै पर्ने भएको छ ।

## मलेसियामा...

प्लास्टिक उत्पादनहरू, खाद्य, पेय पदार्थ र सुर्तीजन्य क्षेत्र म्यानुफ्याक्चरिङ अन्तर्गत पर्दछन् ।

विदेशी प्रत्यक्ष लगानी भित्र्याउने म्यानुफ्याक्चरिङ क्षेत्र खुला भएको अवस्थामा मलेसियाको पेनाङ, कुलिम, क्लाङ उपत्यका र जोहोर जस्ता क्षेत्रहरूमा विदेशी कामदारको माग बढ्ने अपेक्षा छ । रोजगारी सिर्जना गर्ने र अर्थतन्त्रलाई अगाडि बढाउने भन्दै रोजगारदाताहरूले विदेशी कामदार खुलाउन आग्रह गरिरहेका छन् ।

नेपाली राजदूतावासले म्यानुफ्याक्चरिङ क्षेत्र खुला हुनेबारे चर्चा चले पनि मलेसिया सरकारका तर्फबाट आधिकारिक जानकारी नआएकाले सामाजिक सञ्जाल नभई आफ्नो आधिकारिक पेज वा विज्ञप्ति पर्खिन आग्रह गरेको छ । मलेसियामा कार्यरत नेपाली कामदारहरूले हाल राहदानी बन्ने समयसीमाको जिज्ञासा जस्तै म्यानुफ्याक्चरिङ क्षेत्र खुल्ने विषयमा बढी चासो दिएका छन् ।

मलेसियामा न्यूनतम तलब बढेको र म्यानुफ्याक्चरिङ क्षेत्रमा ओभरटाइम मिल्ने भएपछि कामदारको आकर्षण म्यानुफ्याक्चरिङ क्षेत्रमा बढेको बताइएको छ ।

## मलेसियामा घरफिर्ती...

कुनै पनि प्रवेश-निकास स्ट्याम्प नभएको नयाँ पासपोर्ट प्रयोग गरिरहेको पत्ता लागेको बताइएको छ ।

मलेसियाली अध्यागमन विभाग सेलांगोरको टोलीले बिहीबार राति पेटालिङ्जायास्थित दामानसारा पेरदाना, पेलांगी दामानसारालगायत स्थानमा अवैधानिक विदेशी पक्राउ गर्न छापामारी गर्ने क्रममा यस्तो कुरा पत्ता लागेको जनाएको हो ।

सेलांगोर अध्यागमन विभागका निर्देशक खैरुल अमिनुस कमरुद्दिनका अनुसार केही विदेशीले पुरानो पासपोर्ट हराएको वा म्याद सकिएको भन्दै नयाँ पासपोर्ट बनाएका छन्, तर प्रयोग नगरी राखेको भेटिएको छ ।

## काठमाडौंको...

अधिकांश ठाउँहरूमा स्मार्ट लाइट जडान भएको नेपाल विद्युत् प्रधिकरणले जनाएको छ ।

परियोजनाले त्यसमध्ये २ सय ८० किलो मिटरमध्ये २ सय ७६ किलोमिटरमा उच्च भोल्टेज जडान गरेको जनाएको छ । त्यस्तै, ३ सय ८२ किलोमिटरमध्ये ३ सय ५९ किलोमिटरमा कम भोल्टेज लाइट जडान गरेको छ । प्राधिकरणका प्रमुख सुमन श्रेष्ठका अनुसार न्युरोड, जुद्ध शालिकदेखि इन्द्रचोक, चुच्चेपाटीदेखि महांकाल हुँदै रामहिटीसम्म उच्च र कम भोल्टेजको लाइट सञ्चालनमा आएको छ । त्यस्तै, कोटश्वर चोकदेखि जडीबुटी पेट्रोल पम्पसम्म सडक विस्तारका लागि उच्च भोल्टेजको लाइट सञ्चालनमा आएको छ । धाप ड्यामका लागि भने चिसापानीदेखि ड्यामसम्म, धोबी खोला कोरिडोरको केही एरिया, लैनचौरदेखि पानी पोखरी, लैनचौरदेखि गौरीधारा, लैनचौदेखि बालाजुसम्म, नयाँ बजार खुसिबु क्षेत्र, चाबहिलदेखि चुच्चेपाटीसम्म, टेकुदेखि त्रिपुरेश्वर, विष्णुमती कोरिडोर क्षेत्रमा सञ्चालनमा आएको परियोजनाले जनाएको छ ।

ललितपुर-भक्तपुरअन्तर्गत अरणीको हाइओदेखि बिपी राजमार्गसम्म ७० प्रतिशत कामसम्म भइसकेको ललितपुर-भक्तपुर दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख सुमन श्रेष्ठले जानकारी दिएका छन् । चालु आर्थिक वर्ष असार मसान्तसम्म काम सम्पन्न भइसक्ने उनले बताए । यस क्षेत्रमा भने योजना सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि काम सम्पन्न भएको छैन ।

काठमाडौं उपत्यका खरिबोट, भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाको ७५ प्रतिशत काम सम्पन्न भइसकेको छ । कृतिपुर कोटेश्वर, बानेश्वर, बालाजु, जोरपाटी महाराजगन्ज, रत्नपार्क क्षेत्रका १ सय १० किलो मिटर सडकमा स्मार्ट जडान बत्ती सञ्चालनमा ल्याएको छ ।

यसबाट सहरको सौन्दर्य अभिवृद्धि हुने, विद्युत् माग बढ्ने र रातिको खेर जाने विद्युत् पनि खपत हुने प्राधिकरणको विश्वास छ ।

सहरको सौन्दर्य अभिवृद्धि हुने, विद्युत् माग बढ्ने र रातिको खेर जाने विद्युत् पनि खपत हुने प्राधिकरणको विश्वास छ ।

पालिकाहरूको ६० प्रतिशत र प्राधिकरणको ४० प्रतिशत लगानी अनुपातमा स्मार्ट लाइट जडान भइरहेको छ । ललितपुर महानगरपालिकाले नगर क्षेत्रमा सडक बत्ती जोडिरहेको छ ।

प्राधिकरणका अनुसार हालसम्म ९६ प्रतिशत काम सम्पन्न भइसकेको जनाएको छ ।

सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्नु, वितरण प्रणालीको स्तरोन्नति गर्नु, प्रविधिको प्रयोग गरी सेवा सुधार गर्नु तथा उपभोक्ताको गुनासो समाधान गर्न स्मार्ट लाइट जडाज गरेको छ । स्मार्ट लाइट सिस्टमको कन्ट्रोल रुम विद्युत् प्राधिकरणमै राखिएको छ । कम्प्युटर प्रणालीमा आधारित स्मार्ट लाइट तालिकाअनुसार स्वचालित रूपमा बल्ने र निभ्ने भएकाले विद्युत् खपत पनि कम हुने प्राधिकरणले जनाएको छ ।

आयोजनाका प्रमुख श्रेष्ठका अनुसार सडकमा सोलार वा अन्य बत्तीभन्दा यसले बढी उज्यालो दिने र मध्यरातमा कम र साँझको समयमा बढी चहकिलो बल्छ । यस किसिमका सडक बत्ती चीन, जापान, डेनमार्कलगायतका देशमा प्रयोगमा छन् । स्मार्ट लाइट जडानका क्रममा सडकमा भएका पोल तथा तार चाँडै नै व्यवस्थित गर्ने प्राधिकरणले जनाएको छ ।

# वर्तमान सरकारलाई अदालतले संवैधानिक ठहर गर्न सक्दैन : ओली




**काठमाडौं/मस–** नेकपा (एमाले)का अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारको संवैधानिक परीक्षण अदालतबाटै हुनुपर्ने बताएका छन् ।

शनिबार पार्टीद्वारा काठमाडौंमा आयोजित जनप्रदर्शन तथा जनसभामा बोल्दै उनले अदालतले कुनै पनि हालतमा वर्तमान सरकारलाई संवैधानिक ठहर गर्न नसक्ने दाबी गरे ।

अध्यक्ष ओलीले भने, 'देशमा संविधान अनुसार नबनेको सरकार छ । संविधान मिचेर बनाएको सरकार छ । लोकतान्त्रिक विधि, लोकतान्त्रिक प्रक्रिया अनुसार नबनेको सरकार छ । त्यस प्रणालीलाई लोकतान्त्रिक प्रणाली अस्वीकार गर्ने सरकार हो । यस सरकारलाई हामी अवैधानिक, असंवैधानिक र लोकतन्त्र विरुद्ध निर्माण गरिएको हिंसा, अशान्ति, आगजनी, तोडफोड र लुटपाटबाट बनेको सरकार भनेर सबै नेपाली जनतालाई थाहा छ । यस्तो सरकारको संवैधानिक परीक्षण सम्मानित अदालतबाट हुनै पर्दछ । संविधानले कुनै पनि हालतमा यो सरकारलाई उचित ठहर दिने ठाउँ छैन । अदालतले यसलाई संवैधानिक ठहर गर्न सक्दैन । यो सरकार असंवैधानिक बाटोबाट बनेको छ । त्यसकारण हामी यो सबै राष्ट्रिय समस्याको समाधान सही ढंगले होस् भन्ने चाहन्छौं र हुनेछ । यस कामको अगुवाई नेकपा एमालेले गर्नेछ ।'

अध्यक्ष ओलीले मुलुकमा विद्यमान राष्ट्रिय संकट समाधान गर्ने कामको नेतृत्व नेकपा एमालेले गर्ने समेत बताए ।

ओलीले वर्तमान सरकारले सुशासनको नाममा मुलुकमा घृणा र द्वेष फैलाउने काम गरिरहेको आरोप लगाए ।

अध्यक्ष ओलीले भने, 'काम गर्न नसक्ने, भ्रष्टाचारमा डुबेको यो सरकार नक्कली सरकार हो । यो सरकारले जेनजीको नाममा केही मानिसलाई बोलाएर आफैंले तयार गरेका माग प्रस्तुत गर्न लगाएको छ । आफैंले विरोध गर्ने वातावरण दबाउने तालिम लिएर मान्छे बोलाएर सुशासनको नाममा घृणा र द्वेष फैलाउने काम गरिरहेको छ । वर्तमान सरकार असंवैधानिक भएकाले यसको विरोध गर्नुपरेको हो ।' उनले वर्तमान सरकार असंवैधानिक भएको कारण त्यसको विरोध गर्नुपर्ने र नेकपा एमाले यसमा सक्रिय रहने पनि जनाए ।

# एनआरएनएको फुटले आफ्नै मुद्दा र लगानीका विषय ओझेलमा परे : आचार्य

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ६ मंसिर



एनआरएनए आइसीसीका पूर्वअध्यक्ष कुल आचार्यले एनआरएनभित्र आपसी लडाइँ छाडेर लगानी भित्र्याउनु पर्ने बेला आएको बताएका छन् ।

एनआरएनभित्रको लडाइँले कुनैपनि मुद्दाको किनारा नलाग्ने बताउँदै एकताको विकल्प नरहेको उनको भनाइ छ । एनआरएनए एनसीसी कतारले आयोजना गरेको समसामयिक विषय, सामाजिक सुरक्षा कोष र लगानी केन्द्रित भेटघाट कार्यक्रमका प्रमुख अतिथिका रूपमा रहेका आचार्यले एनआरएनएले उठाएका कतिपय मुद्दाहरू स्थापित भएपनि दीर्घकालीन रूपमा सम्बोधन नभएको र एनआरएनएको फुटले आफ्नै मुद्दा र लगानीका विषय ओझेलमा पारेको बताए ।

आचार्यले सामाजिक सुरक्षा कोषमा करिब २६ लाख मानिस जोडिएको र कतारबाट मात्रै करिब ४ लाख श्रमिक जोडिएको स्पष्ट पारे ।

आचार्यले एनआरएनएले श्रमिककै लागि उठाएका मुद्दाभित्रका कतिपय माग सम्बोधन हुँदा पनि अझै पूर्ण नभएको दाबी गरे ।

सामाजिक सुरक्षा कोषमा अझै काम बाँकी छ, भने गैरआवासीयले नागरिकता लिएपनि त्यसको कुनै लाभ या प्रभावकारिता नदेखिएको उनको भनाइ छ । सामाजिक सुरक्षा कोषमा ९५ अरब भन्दा बढी रकम जम्मा भएको र त्यो रकम श्रमिककै हितमा सदुपयोग हुन नसकेको उनले बताए । उनले एनआरएनएमा देखिएको फुटलाई चिरेर एकता हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा बोल्दै माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले नेपालमा लगानी गर्ने उत्कृष्ट समय रहेको बताए । उनले नेपालमा आइटी, कृषि, हाइड्रोपावर र पर्यटन क्षेत्रमा लगानी गर्न सकिने बताए । त्यस्तै केसी ग्रुपका अध्यक्ष किरण केसीले हाइड्रोको लगानी सुरक्षित रहेको धारणा राख्दै नेपालसँग एक लाख मेगावाट बिजुली उत्पादन गर्ने क्षमता रहेको हुँदा लगानीको अवसर समेत प्रशस्त रहेको बताए ।

कार्यक्रममा आफ्ना धारणा राख्ने क्रममा कतारका लागि नेपाल सरकारका पर्यटन दूत तथा एनआरएनए अभियन्ता राजेन्द्र कुमार शर्मा (आरके)ले युरोप तथा विकसित राष्ट्रका एनआरएनएहरूले मध्यपूर्वका श्रमिकहरूलाई सामूहिक लगानीमा समावेश गराउने कुरामा आफूले विश्वास नगर्ने स्पष्ट पारे । उनले एनआरएनएले स्थापना गरेको १० अर्बको फण्डमा मध्यपूर्वका श्रमिकको प्रतिनिधित्व नभएकोप्रति आचार्यकै अगाडि असन्तुष्टि पोखे ।

शर्माले एनआरएनएमा राजनीतिक रोटी सेकिने, तर श्रमिकका मुद्दाले ठाउँ नपाउने गरेको स्पष्ट पार्दै एनआरएनएले सामाजिक सुरक्षा कोष, नागरिकता र आइपीओमा १० प्रतिशत कोटाका मुद्दामा सफल देखिए पनि पूर्ण नभएको बताए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले एनआरएनएको फुटलाई एकतामा लैजानुपर्नेसहित लगानीका बारेमा बढी समय खर्चँदै सुरक्षित भविष्यका लागि लगानीनै गर्नुपर्ने धारणा राखेका थिए ।

एनसीसी कतारका प्रथम उपाध्यक्ष रबिन मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै कार्यक्रमका सभाध्यक्ष तथा एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थीले एनआरएनमा एकताको विकल्प नरहेको बताए । उनले आइसीसीमा एकता हुने बित्तिकै कतारमा एकता हुने विश्वास व्यक्त गर्दै समाजको एकताका खातिर आफू बाधक नहुने स्पष्ट पारे ।

कार्यक्रममा एनआरएनएका विभिन्न अभियन्ता, व्यवसायी समाजसेवीसहित कतारमा स्थापित संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममार्फत प्रमुख अतिथि आचार्यलाई सम्मान समेत गरिएको थियो भने एनसीसीका महासचिव विवेक पुलामी मगरले कार्यक्रमको सहजीकरण गरेका थिए ।

# बेलायतबाट फिर्ता गरिएको तोरण कुमारी घरमा पुनर्स्थापित

**काठमाडौं/मस–**वसन्तपुरमा रहेको जीवित देवी श्रीकुमारीको वासस्थानबाट चोरिएको तोरण पुनःस्थापित गरिएको छ । तोरण पुनःस्थापित गराउने सम्बन्धमा मंसिर १ गते महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले निर्णय गरेको थियो । २०५६ सालतिर चोरिएको तोरण संयुक्त राज्य वेलायतको बाराकाट संग्रहालयमा भेट्टाइएपछि फिर्ता गरेर राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको थियो । तोरण पुनःस्थापित गराउनु अघि महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगत, वडा २३ (कुमारी घर रहेको वडा)का अध्यक्ष एवं महानगरपालिकाको विधायन समितिका संयोजक मचाराजा महर्जन, कुमारी घरका संरक्षक गौत्तम शाक्यसहित अधिकारी तोरण बुझ्न संग्रहालय पुगेका थिए । उनीहरुले तोरण बुझ्ने पत्रमा हस्ताक्षर तथा औठाछाप लगाएर फिर्ता ल्याएका थिए । त्यस क्रममा सम्पदा संरक्षणकर्मी, स्थानीयबासीहरुको उल्लासमय सहभागिता थियो ।

प्राचीन स्मारक ऐन २०१३ को दफा २० (क) मा भएको व्यवस्था अनुसार स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको बस्तु संरक्षणको शिफारिसमा सम्बन्धित गुठियारलाई पूर्ववत् स्थानमा राख्ने गरी तोरण फिर्ता फिर्ता गरिएको हो ।

कुमारी घरको भुइँ तलामा रहेका झ्याल ढोकामध्ये बायाँतर्फबाट पाँचौ नम्बरमा पर्ने झ्याल माथि राखिएको अर्धगोलाकार काठको क्षेपु आकृति भएको तोरण १७ देखि १८ औं शताव्दीमा काठबाट निर्माण भएको हो । यो १०४.५५ सेन्टिमिटरको छ ।

यो तोरण पुनःस्थापना गरेपछिको संक्षिप्त प्रतिक्रियामा उपप्रमुख डंगोलले, अन्य स्थानबाट हराएका कलाकृति, बस्तु तथा आकृति पुनःस्थापनाको असल अभ्यास प्रारम्भ भएको प्रतिक्रिया दिइन् । यस्तै सम्पदा तथा पर्यटन समितिका संयोजक संगतले, अवसरलाई गौरवमय क्षणका रुपमा स्मरण गर्न चाहेको बताए । वडा नं. २३ का अध्यक्ष मचाराजा महर्जनले, वडाको प्राचीन स्वरुप पुनःस्थापित हुँदै गएकोले थप काम गर्न प्रोत्साहित भएको बताए ।

# युवाहरूको आन्दोलनले नयाँ ऊर्जा दिएको छ : प्रचण्ड



**काठमाडौं/मस-** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले देशमा भ्रष्टाचार गम्भीर समस्या भएको बताएका छन् ।

शनिबार वाइसीएल नेपालले पेरिसडाँडामा आयोजना गरेको कार्यक्रममा उनले भ्रष्टाचार देशका लागि दुर्भाग्य भएको उल्लेख गरे ।

उनले भने, 'भ्रष्टाचार अहिले यो देशका निम्ति एउटा दुर्भाग्यको रूपमा, बडो विकराल परिस्थितिका रूपमा देखिएको छ । हामी भ्रष्टाचार विरुद्ध सरकारमा हुँदा होस् या सडकमा हुँदा, आवाज उठाउने कोशिस गऱ्यौं, तर हाम्रो आवाज जति व्यापक रूपमा सुनिनुपर्थ्यो, सुनिएन । म जेनजी युवाहरूलाई धन्यवाद भन्न चाहन्छु । तपाईंहरूले भदौ २३, २४ गते भ्रष्टाचार विरुद्ध, सुशासन र स्वतन्त्रताको पक्षमा जसरी आवाज उठाउनुभयो, त्यसले हाम्रो अभियानमा नयाँ ऊर्जा दिएको छ ।' उनले सबै पुस्ताका नेपालीहरू एकजुट भएर देश निर्माणमा लाग्नुपर्नेमा जोड दिए ।

यस्तै प्रचण्डले आगामी निर्वाचनमा युवालाई बढी अवसर दिने बताए ।

उनले पार्टी र देशको आगामी नेतृत्व नयाँ पुस्ताले लिनुपर्नेमा जोड दिए ।

उनले पार्टीभित्र आगामी चुनावमा युवाको सहभागिता बढाउने तयारी भइरहेको जानकारी दिए । उनले युवालाई वैचारिक, राजनीतिक र संगठनात्मक दृष्टिले नेतृत्वका लागि तयार पार्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, 'अब हामी जुन जिम्मेवारीमा छौँ, हामीले अर्को नयाँ सपना देख्नुपर्छ । युवालाई नयाँ नेपालको नयाँ नेतृत्वका रूपमा तयार पार्नु हाम्रो जिम्मेवारी हो। पार्टी कमिटीहरूमा बढीभन्दा बढी युवालाई ल्याउने, जिम्मेवारी सुम्पिने वातावरण बनाउन हामी पुराना पुस्ताका क्रान्तिकारीहरू प्रतिबद्ध छौँ ।'

उनले युवा पुस्ताका माग र आफूहरूको मागमा धेरै समानता रहेको बताउँदै, विगतका गल्ती र कमजोरी स्वीकार गरेर नयाँ ढंगले देश निर्माण गर्ने संकल्प लिने परिस्थिति युवाहरूले सिर्जना गरेको उल्लेख गरे ।

# रुकुम पश्चिमका मतदानस्थल सुरक्षा संवेदनशीलताका आधारमा वर्गीकृत

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ६ मंसिर



फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुकुम पश्चिमका मतदानस्थलहरुलाई सुरक्षा संवेदनशीलताको आधारमा वर्गीकरण गरिएको छ। जिल्लाका ७६ वटा मतदानस्थललाई तीन भागमा विभाजन गरिएको जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी दिनेश प्रसाद थानीका अनुसार निर्वाचनका लागि सुरक्षाको दृष्टिकोणले मतदानस्थलहरुलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य स्थलको रुपमा विभाजन गरिएको छ। यसअनुसार २१ वटा मतदानस्थल अतिसंवेदनशील, ४३ वटा संवेदनशील र १२ वटा सामान्य रहेका छन् ।

प्रजिअ थानीका अनुसार जिल्लामा सडक पहुँच, दुर्गम क्षेत्र, सञ्चार सम्पर्क, सुरक्षा दृष्टिकोण, विगतको चुनावी गतिविधि, राजनैतिक गतिविधिहरुको प्रतिस्पर्धा तथा पूर्वाधारको अवस्था लगायतको आधारमा मतदानस्थलको संवेदनशीलता निर्धारण गरिएको हो ।

अतिसंवेदनशील मानिएका २१ वटा मतदानस्थल सडकको सहज पहुँच नभएको, दुर्गम, सुरक्षा बेञ्चबाट टाढा, विगतको चुनावी गतिविधि लगायतका कारणले यस्तो वर्गीकरण गरिएको छ। रुकुम पश्चिमका छ स्थानीय तहमा ७६ मतदानस्थल कायम छन् । आठबिसकोट नगरपालिकामा सबैभन्दा बढी संवेदनशील मतदानस्थल रहेको छ । यहाँका १६ वटा मतदानस्थलमध्ये ११ वटा अतिसंवेदनशील रहेका छन् ।

चौरजहारी नगरपालिकामा १४ वटा, मुसीकोट नगरपालिकामा १५ वटा, सानीभेरी गाउँपालिकामा ११ वटा, बाँफिकोट गाउँपालिकामा १० वटा र त्रिवेणी गाउँपालिकामा १० वटा मतदानस्थल कायम गरिएको प्रशासनले जनाएको छ।

# मतदाताको गुनासो सुन्न महिनैपिच्छे गाउँ पुग्छन् मन्त्री राणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, ६ मंसिर



लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा(रोज राणा) लगातार गाउँ भ्रमण गरेर विकास निर्माणका कामको अनुगमन गर्दै नागरिकका गुनासो सुन्न व्यस्त हुन थालेका छन् ।

मन्त्री राणाको सचिवालयका अनुसार उनी प्रदेश सरकारले अघि सारेका विकास निर्माण परियोजनामा जनताको धारणा बुझ्न, सुझाव संकलन गर्न र योजना प्रभावकारी बनाउन गाउँ पुगेका हुन् ।

मन्त्री राणाले स्थानीय जनतालाई जानकारी दिँदै विनियोजन पश्चात सुरु भएका कामहरूको गुणस्तरीय अनुगमन र प्रभावकारी संचालनमा आग्रह गरे ।

उनले भने, 'प्रदेश सरकारले विकासका क्रियाकलापमा सुशासन र पारदर्शिता हुनुपर्छ। कमसल सामग्री प्रयोग वा मनपरी काम गर्दा तत्काल मुख्यमन्त्री, मन्त्री सचिव वा सूचना अधिकारीलाई जानकारी दिनुहोस् ।'

बिहीबार र शुक्रबार उनी गृह जिल्ला प्यूठानमा रहेर सडक, स्थानीय सडक, सिँचाइ, कुलो, स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत् तथा भौतिक संरचनाका कामको स्थलगत अनुगमन गरेका छन् । उनले जिल्ला प्रहरी कार्यलय, इलाका प्रहरी कार्यालय र अस्थायी प्रहरी पोस्टका भवन मर्मतसम्भारसमेत सुनिश्चित गर्न निर्देशन दिएका छन् ।

मन्त्री राणाले भने, 'सिमित बजेटमा असिमित योजना संचालन गर्नु परेको छ, त्यसैले जनचाहनाअनुसार काम हुन नसक्नु दुखद छ । स्थानीय विकासमा जनताको सक्रिय सहभागिता आवश्यक छ ।' उनले पर्यटक आकर्षित गर्न स्थानीय उत्पादन जस्तै आलु, सिमी आदि उत्पादन बढाउन र सरसफाइमा ध्यान दिन स्थानीयलाई प्रोत्साहित गरे ।

स्थानयी नागरिक र प्रतिनिधिहरूले सडक स्तरवृद्धि र कालोपत्रेसहित अन्य विकास कामको प्रशंसा गर्दै अझ प्रभावकारी काम गर्न मन्त्री राणालाई अनुरोध गरेका छन् । मन्त्रीसहितको टोलीले प्यूठानका विभिन्न गाउँपालिका र नगरपालिकामा कार्य प्रगतिको निरीक्षण गरेको नेपाली कांग्रेस प्यूठानका उपसभापति तथा प्यूठान नगरपालिका उपप्रमुख देवेन्द्र बर्माले जानकारी दिए ।

मन्त्री राणाले विकास परियोजनामा जनताको आवश्यकता केन्द्रित गर्न र बदलिँदो परिस्थिति अनुसार योजना कार्यान्वयन गर्न जोड दिएका छन् ।

# 'लक्की ड्र'मार्फत विजेता घोषणा

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ६ मंसिर




लमजुङ इलोक्ट्रोनिक्स व्यवसायिक संघद्वारा ' लक्की ड्र' मार्फत विजेता घोषणा घोषणा गरेको छ ।

शनिबार बेसिशहर नगरपालिका ८ फूलबारी मञ्चमा आयोजित 'स्थानीय व्यापार प्रवर्द्धन, बम्पर योजना चाडपर्व उपहार कुपन योजना २०८२' को नतिजाको विजेता घोषणा गरिएको हो ।

पहाडी जिल्ला लमजुङका विभिन्न मोबाइल पसलमा आएका ४ हजार ५ सय जना ग्राहकहरुमध्ये ९५ जनाले विभिन्न उपहार प्राप्त गरेका छन् । लमजुङमा रहेका मोबाइल पसलबाट सामान लागेका ग्राहकहरुलाई गोला प्रथाको माध्यमबाट विजेता घोषणा गरिएको संघका पूर्व अध्यक्ष प्रवीणकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार जिल्लामा संघमा आबद्ध १६ वटा मोबाइल पसलबाट सामान खरिद गरेका सेवाग्राहीहरुको गोला प्रथा गरी ५ जनालाई ओनार टेन प्ले मोबाइल, १० जनालाई स्मार्ट वाच घडी, २० जनालाई बारफोन मोबाइल र ६० जनालाई एयरवर्ड प्राप्त गरेका छन् । संघका अध्यक्ष भूवराज रेग्मीका अनुसार गत असोज ३ गतेदेखि मंसिर ५ गतेसम्म आएका ग्राहकहरुमध्ये उक्त संख्यामा आएको थियो । ग्राहकहरुलाई जिल्लामा पहिलो पटक यसरी गोला प्रथाको माध्यमबाट विजेता घोषणा गरेर उपहार दिन थालिएको हो । आगामी दिनमा पनि यस कार्यक्रमलाई निरन्तरता दिने उनको भनाइ छ ।

# बरालको नेतृत्वमा कास्की आदर्श समाज साउदीको नयाँ कार्यसमिति



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, ६ मंसिर

'कास्केलीहरुको खोजी अभियान, समृद्ध जन्मथलो हाम्रो स्वाभिमान' भन्ने मूल नाराका साथ स्थापित कास्की आदर्श समाज साउदी अरेबियाको तेस्रो महाधिवेशन तथा छैटौं वार्षिक उत्सव २०२५ सम्पन्न भएको छ । शुक्रबार रियादको बथास्थित यास्मिन रेस्टुरेन्टको सभाहलमा विशेष कार्यक्रमसहित महाधिवेशन सम्पन्न भएको हो ।

समारोहले समाजसेवी तथा स्पष्ट वक्ता मुक्ति बराललाई सर्वसम्मत रूपमा समाजको अध्यक्षमा चयन गरेको छ भने संगठनको प्रशासनिक जिम्मेवारी महासचिव कमल शाहीलाई प्रदान गरिएको छ। कार्यसमितिको अन्य पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्ष मनकाजी गुरुङ, उपाध्यक्ष (पूर्वी क्षेत्र) ओमबहादुर कुमाल, उपाध्यक्ष (पश्चिम क्षेत्र) कुलबहादुर गुरुङ, महिला उपाध्यक्ष गीता आत्म मगर, युवा संयोजक लोकबहादुर परियार, उप-महासचिव खुसीमान गुरुङ, कोषाध्यक्ष तुलसीराम भण्डारी, सह-कोषाध्यक्ष अमृता पुरी, प्रवक्ता सुरेश सुनार, महिला संयोजक माया गुरुङ, मिडिया संयोजक दुर्गा तमु, सांस्कृतिक संयोजक डिबि तामाङ, सांस्कृतिक उप-संयोजक रोहनकुमार परियार तथा सदस्यहरू मकवुल अमिनि, अनिल रानाभाट, चन्द्र भण्डारी, सोम परियार, राजु केसी, राज तामाङ, स्मृति गिरि, राम गुरुङ, सन्तोष गुरुङ र जगदिश खनाल रहेका छन् ।

त्यस्तै, संस्थाको मार्गदर्शन र परामर्शका लागि प्रमुख सल्लाहकारमा हेमलाल सेवा तथा सल्लाहकारमा खेम गुरुङ, कृष्ण पुरी र शिवबहादुर ढकाल रहनेछन्। संरक्षक समितिको नेतृत्व प्रमुख संरक्षक अमर सापकोटाले गरेका हुन् ।

महाधिवेशनको प्रमुख आकर्षण नेपालबाट विशेष आमन्त्रणमा साउदी अरब पुगेर आफ्नो कला प्रस्तुत गरेकी राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान कास्कीकी निवर्तमान अध्यक्ष तथा चर्चित गायिका तुलसी छेत्री थिइन् । उनको सुमधुर स्वरले सम्पूर्ण दर्शकदीर्घालाई मन्त्रमुग्ध बनाएको थियो । साथै साउदीमै कार्यरत विभिन्न प्रतिभावान कलाकारहरूले प्रस्तुत गरेका सांस्कृतिक कार्यक्रमहरूले माहोललाई अझै रोचक र जीवन्त बनायो ।

कार्यक्रममा नेपाली राजदूतावास, रियादका तर्फबाट डिसिएम तथा कार्यवाहक राजदूत सिर्जना अधिकारीको विशेष उपस्थितिले कार्यक्रमको महत्व थप बढाएको थियो । विभिन्न सामाजिक संस्था, संघसंगठनका प्रतिनिधि, पत्रकार, कलाकार तथा समाजप्रेमी नेपालीहरूको उत्साहपूर्ण उपस्थिति उल्लेखनीय रह्यो ।

महाधिवेशन सफल पार्न आर्थिक, भौतिक तथा नैतिक रूपमा साथ दिने सबै सहयोगी मनहरू, अतिथिहरू तथा उपस्थित सबैलाई संस्थाले हार्दिक धन्यवाद तथा आभार प्रकट गरेको छ ।

# बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

**सुवास लामिछाने/मध्यान्ह**
चितवन, ६ मंसिर

चितवनको माडी नगरपालिका-१ गर्दीमा शनिबार बिहान बसको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । बा प्र ०३-००१ ख २८८७ नम्बरको बसले पैदलयात्रीलाई ठक्कर दिएपछि दुर्घटना भएको हो ।

दुर्घटनामा माडी नगरपालिका-१ सेरुवाका अन्दाजी ६२ वर्षीय फिरल महतोको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले जानकारी दिए ।

ठक्कर दिएको बस अनियन्त्रित भइ खेतमा खस्दा बसमा सवार दुई जना घाइते भएका छन् । घाइते दुबै जनाको बघौडा अस्पतालमा उपचार हुँदैछ भने उनीहरूको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि बस चालक फरार रहेको र उनको खोजी भइरहेको प्रहरीको भनाइ छ ।

# बागमती करिडोरमा ढल व्यवस्थापनमा जोड



**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले बागमती करिडोरलाई सुन्दर बनाउन ढल व्यवस्थापनमा जोड दिएका छन् ।

शनिबार बिहान बागमती नदी करिडोरअन्तर्गत गुह्येश्वरी-गोकर्ण खण्डमा पर्ने गोकर्णेश्वर नगरपालिका-५ जम्बुडाँडा क्षेत्रको अनुगमन गरेपछि उनले बागमती करिडोर क्षेत्रको ढल व्यवस्थापन, सडक स्तरोन्नति र सरसफाइमा जोड दिएका हुन् । मन्त्री घिसिङले नदी सफा भए मात्र शहर सफा हुने भन्दै बागमतीलाई सफा बनाउन ढल व्यवस्थापन, करिडोरका सडक मर्मत र नदीमा फालिएको फोहोर प्राथमिकताका साथ हटाइने बताए ।

नदीको सबै फोहोर हटाएर त्यसको चेक बाँधलाई सञ्चालन, सो स्थानमा साना तलाउ बनाएर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नेगरी काम भइरहेको मन्त्री घिसिङले जानकारी दिएको उनको निजी सचिवालयले जनाएको छ ।

# रुकुम पूर्वका मल्ल नेकपामा प्रवेश, प्रचण्डद्वारा स्वागत



**ललितपुर/मस-** रुकुम पूर्वका पूर्वउपविजेता तथा नेकपा (एमाले) का संघीय उम्मेदवार रहेका कैलाश कुमार मल्ल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मा प्रवेश गरेका छन् । उनलाई पार्टीका संयोजक एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार स्वागत गरेका छन् ।

पार्टी प्रवेशका क्रममा मल्लले विस्तृत राजनीतिक पृष्ठभूमि र आफ्नो निर्णयका आधारबारे स्पष्ट धारणा सार्वजनिक गरेका छन् । जनताको मुक्तिका लागि चलेको जनयुद्धका कठिन दिनहरू स्मरण गर्दै उनले सेनाद्वारा गिरफ्तारी, शिवपुरीमा सहनुपरेको यातना र त्यसपछिका राजनीतिक यात्राबारे धारणा राखेका छन् । एमालेभित्र पारित भएका ७० वर्ष उमेर सीमा र दुई कार्यकाल सीमित गर्ने प्रावधान उल्ट्याइएकै दिनदेखि आफू निराश बन्दै गएको बताउँदै उनले पार्टीभित्र गुटगत स्वार्थ, भेदभाव र जनवादी केन्द्रीयताको हनन चरम सीमामा पुगेको आरोप लगाएका छन् । उनले माओवादी पृष्ठभूमिबाट आएका कार्यकर्ताप्रति एमाले नेतृत्वमा देखिएको नकारात्मक व्यवहार, 'आतंककारी' ट्याग लगाउने प्रवृत्ति तथा फरक विचार राख्नेहरूलाई बहिष्कार गर्ने चरित्रले आफू पीडित भएको उल्लेख गरे ।

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता रोकिएको निर्णयलाई उनले 'अहंकारी र अराजकतन्त्रतर्फ उन्मुख नेतृत्वको पराकाष्ठा' भने । एमाले नेतृत्वबाट भ्रष्टाचार, सहिद परिवारप्रति बेवास्ता र रुकुम-रोल्पाजस्ता राता भूगोलप्रति नकारात्मक दृष्टिकोण देखिँदै गएपछि आफूले गम्भीर राजनीतिक मूल्यांकन गर्न बाध्य भएको मल्लको भनाइ छ । मल्लले जनयुद्धका सर्वोच्च कमाण्डर प्रचण्ड, झापा विद्रोहका नेता झलनाथ खनाल, माधवकुमार नेपाल, बामदेव गौतम, राष्ट्रवादी छवि भएका भीम रावल, जनयुद्धका अग्रणी कमाण्डर तेजबहादुर ओली 'प्रतिक', कमला रोका, गणेशमान पुनलगायत नेताहरूको भूमिकाले आफूलाई पुनः मूल कम्युनिस्ट धारतर्फ फर्किन प्रेरित गरेको बताए । रुकुमपूर्वको शिक्षा, स्वास्थ्य, पूर्वाधार र समग्र जीवनस्तर सुधारका लागि ' फुटेर होइन, जुटेर' मात्र लक्ष्य पूरा हुनसक्ने विश्वास व्यक्त गर्दै उनले एमालेमा बसेर उद्देश्यपूर्ण राजनीतिक योगदान असम्भव भएको स्पष्ट पारे । मल्लले शनिबारदेखि औपचारिक रूपमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मा समाहित भएको घोषणा गर्दै पार्टी इनचार्ज तेजबहादुर ओली, पुथाउत्तरगंगा गाउँपालिका अध्यक्ष केशव रावल, भूमे गाउँपालिका अध्यक्ष हिमाल पुनलगायतले दिएको निरन्तर सहयोग तथा मार्गदर्शनप्रति आभार व्यक्त गरे ।

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/०७**

यस सा. व. उ. स बाट संकलित साज गोलिया काठ ८४१.६७ क्यू फिट र कर्मा गोलिया काठ ७२.२४ क्यू लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**वेनिकोट सा. वन उपभोक्ता समूह, व्यास १३, तनहूँ ।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५६/११/१२ मा दर्ता भएको श्री **इमेज इन्जिरिङ कन्सल्टेन्सि प्रा. लि. (प्रा. लि. नं. १२२२४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सडक डिभिजन भक्तपुर**
**कटुन्जे, भक्तपुर**

**बोलपत्र/शिलबन्दी स्वीकृतीको लागि छनौट गरिएको आशयको सूचना**

**प्रकाशित मिति :- २०८२/०८ /०७**

यस डिभिजन कार्यालयबाट प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचना अनुसार रितपुर्वक प्राप्त हुन आएका आर्थिक प्रस्तावहरूको मूल्याङ्कन भई तपशिल बमोजिमको ठेक्का नम्बर तथा बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | सफल बोलपत्रदाता |
|---|---|---|
| DROBKT/33701694/082/083/09 | M/S. Yozan/ Sirsha JV, Ktm | रु.१,८९,१८,७८३.०४ |
| DROBKT/337011694/082/083/10 | M/S. Dayana/Om Durgesori/Complete JV, Bkt | रु. १,७२,२०,५५३.८१ |
| DROBKT/337011364/082/083/16 | M/S. Maliniya Nirman Company Pvt. Ltd. | रु.६,३२,३२९.९२ |

**डिभिजन प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
७ मंसिर २०८२ आइतबार
23 November 2025 Sunday

## सम्पादकीय

# व्यवहारमा देखियोस् मितव्ययिता

बोली एउटा र व्यवहार अर्को गर्ने प्रवृतिकै कारण पुराना राजनीतिक दलका पुराना नेताहरूप्रति जनतामा वितृष्णा छ । यही वितृष्णले २३ र २४ भदौमा जेननी आन्दोलन जन्मायो । तर सोही आन्दोलनपछि भएका कतिपय निर्णयमा पुरानै प्रवृति देखिन थालेको छ । एउटा उदाहरण हो– २० प्रतिशत कर्मचारी कटौती गर्ने निर्णय । ३१ भदौमा बसेको सचिवहरूको बैठकले मन्त्रालयसहितका कार्यालयमा २० प्रतिशत कर्मचारी कटौती गर्ने निर्णय थियो । तर त्यसको प्रगति के छ भन्नेमा स्वयं सचिवहरू र सरकार बेखबर जस्तै छन् ।

यस्तो प्रवृति विगतमा पनि नदेखिएको भने होइन । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने विषय निर्णयमा आउने व्यवहारका नआउने प्रवृति दाहोरिँदै आएको छ । प्रशासनिक संरचना सुधारबारे सुझाव लिन गठित आयोगले पनि संघीय दरबन्दी कटौती गर्न सुझाउँदै आएको छ । यही पृष्ठभूमिमा जेनजी आन्दालनको जगमा अन्तरिम सरकार बनेलगत्तै सचिवहरूले मन्त्रालयसहितका कार्यालयमा २० प्रतिशत कर्मचारी कटौती गर्नेगरी निर्णय लिएका थिए । यसले जनतामा सकारात्मक सन्देश प्रवाह गरेको थियो । मन्त्रालय, आयोग, सचिवालय, कार्यालयमा रहेका दरबन्दी औसतमा २० प्रतिशत कटौती गर्ने निर्णयले समयाअनुकूल र जेनजीको भावना सम्बोधन गरेको भनेर प्रशंसासमेत पाएको थियो । अझ यसका लागि संशोधित दरबन्दी संरचना स्वीकृतिका लागि गत असोज २० गतेभित्र मन्त्रिपरिषद्मा पेस गर्ने समयसीमाले परिवर्तित राजनीतिक परिस्थितिमा सुधारको कामले रफ्तार लिने अपेक्षा गरिएका थिए । तर यसमा उल्लेख्य प्रगति हुन सकेको छैन ।

निजामती किताबखानाका अनुसार हाल संघतर्फको निजामती दरबन्दी संख्या ५१ हजार ६ सय ७४ छ । प्रदेशमा ३२ हजार ८ सय ४७ र स्थानीय तहमा ६५ हजार ५ सय ५६ कर्मचारी छन् । सचिवस्तरीय बैठकको निर्णय कार्यान्वयन भए १० हजार ३ सय ३४ कर्मचारी दरबन्दी कटौती हुनेछ । यसैसँग जोडिएको अनावश्यक सरकारी संरचना/निकाय खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गर्ने सचिवस्तरीय निर्णय पनि कार्यान्वयनमा आउन सकेको छैन । राष्ट्रिय किताबखानाअनुसार संघअन्तर्गतका कार्यालयको संख्या १ हजार ८ सय ९५ छ । यसबाहेक कतिपय विकासे मन्त्रालयअन्तर्गत अस्थायी विकास परियोजना पनि सञ्चालनमा छन् । एकातिर काम गरिरहेका कर्मचारीलाई हटाउन गाह्रो हुने र अर्कोतिर सम्बन्धित कार्यालयहरूले समेत सकेसम्म कर्मचारी कटौती नगर्ने प्रयास गरेका छन् । यसकारण २० प्रतिशत कर्मचारी कटौती र अनावश्यक संरचना खारेजीको निर्णय पूर्णतया कार्यान्वयनमा जान नसकेको हो । यस्तो व्यवहार जिम्मेवार निकायमा रहेका अधिकारीहरूले तुरून्तै सुधार गरून् र व्यवहारमै मितव्ययिता देखाऊन् ।

# लोकतन्त्रको स्वरूप

*लोकतन्त्र निरन्तर आलोचनाबाट सुदृढ हुन्छ, सहभागिताबाट विकसित हुन्छ र संस्थाकरणबाट टिकाउ बन्छ । अन्तर्राष्ट्रिय अभ्यासहरूबाट सिक्दा एउटै कुरा प्रस्ट हुन्छ– लोकतन्त्र टिकाउन राजनीतिक इच्छाशक्ति, नागरिक चेतना, स्वतन्त्र संस्था, पारदर्शिता, समानता र न्याय अत्यावश्यक छन् ।*

**अग्रलेख**



● ईश्वर बुढाथोकी

लोकतन्त्र आज विश्वभर सबैभन्दा बढी बहस र प्रयोगमा आएको शासन पद्धति हो । यसको मूल सार 'जनताको शासन जनताकै हातमा' भन्ने धारणामा आधारित छ । तर समय, समाज, आर्थिक संरचना, राजनीतिक चेतना र सांस्कृतिक पृष्ठभूमि अनुसार लोकतन्त्रको स्वरूप विभिन्न देशमा फरक-फरक रूपमा विकसित भएको छ । लोकतन्त्र स्थिर र निश्चित ढाँचामा सीमित हुँदैन; यो परिवर्तनशील, अनुकूलनशील र प्रयोगशील चरित्र बोकेको प्रणाली हो । त्यसैले लोकतन्त्रको स्वरूप बुझ्दा त्यसका विचार, मूल्य, संस्था, प्रक्रिया र अन्तर्राष्ट्रिय अभ्यासलाई एकैसाथ विश्लेषण गर्नु आवश्यक हुन्छ ।

लोकतन्त्रको आधारभूत स्वरूप प्रतिनिधिमूलक शासन प्रणालीमा आधारित हुन्छ । नागरिकहरूले निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छान्छन्, ती प्रतिनिधिहरूले कानुन बनाउँछन्, सरकार गठन गर्छन् र शासन सञ्चालन गर्छन् । तर प्रतिनिधिमूलक लोकतन्त्र मात्र नै लोकतन्त्रको सम्पूर्ण स्वरूप होइन । राजनीतिक अधिकारसँगै नागरिक स्वतन्त्रता, कानूनी समानता, प्रेस स्वतन्त्रता, न्यायालयको स्वतन्त्रता, संघीय संरचना, स्थानीय शासन, उत्तरदायित्व, पारदर्शिता र सहभागी प्रक्रियाहरू मिलेर आधुनिक लोकतन्त्रको व्यापक स्वरूप बनाएका छन् ।

आजको लोकतन्त्र शक्ति विभाजनको सिद्धान्तमा उभिएको छ । विधायिका, कार्यपालिका र न्यायपालिकाबिच सन्तुलन र नियन्त्रण रहन्छ । जसले राज्यसत्तालाई निरंकुश बन्नबाट रोक्छ । शक्ति विकेन्द्रीकरण र स्थानीय तहमा अधिकार प्रत्यायोजन लोकतन्त्रको अर्को महत्वपूर्ण स्वरूप हो । स्थानीय तहलाई बलियो नबनाई लोकतन्त्र गहिरो हुन सक्दैन भन्ने मान्यता विश्वभर स्वीकृत छ । स्थानीय सरकार मानिसको घर आँगनसम्म शासन उपस्थित गराउने आधार भएकाले सेवा वितरण, विकास, नागरिक सहभागिता र सामाजिक उत्तरदायित्वलाई बलियो बनाउँछ ।

लोकतन्त्रको अर्को महत्वपूर्ण स्वरूप नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण हो । अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, धर्म स्वतन्त्रता, संघ-स्वतन्त्रता, समानताको हक जस्ता अधिकारहरू सुनिश्चित नभए लोकतन्त्रको आत्मा नै कमजोर हुन्छ । साथै, राज्यका सबै नागरिकलाई समान अवसर र न्याय प्राप्त हुने वातावरण लोकतन्त्रको मूल मूल्य हो । कमजोर, दलित, महिला, अल्पसंख्यक, अपांगता भएका व्यक्ति लगायत विविध समूहको समावेशी सहभागिता नभए लोकतन्त्र एक खाले प्रभुत्ववादी संरचनामा परिणत हुन सक्छ ।

विश्वका विभिन्न लोकतान्त्रिक अभ्यासहरूले लोकतन्त्रको स्वरूप कस्तो हुन सक्छ भन्ने विविध उदाहरण प्रस्तुत गर्छन् । नर्वे, डेनमार्क, स्विडेन जस्ता उत्तर युरोपेली देशहरूले सामाजिक लोकतन्त्रको सफल अभ्यास देखाएका छन् । यहाँ लोकतन्त्र केवल राजनीतिक अधिकारमा सीमित नभई सामाजिक सुरक्षासँग घनिष्ठ रूपमा जोडिएको छ । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, श्रम अधिकार, समानता र कल्याणकारी राज्यको प्रभावकारी कार्यान्वयनले यी देशको लोकतन्त्र सहभागी र नागरिक-केन्द्रित बनेको छ ।

अमेरिकी लोकतन्त्र विशेष प्रकारको उदाहरण हो । संघीय संरचना, शक्तिशाली स्वतन्त्र प्रेस, निर्वाचन प्रणाली, कार्यपालिकामा व्यापक शक्ति, नागरिक स्वतन्त्रताको संरक्षण र शक्तिशाली न्यायिक प्रणालीले अमेरिकी लोकतन्त्रलाई विशिष्ट बनाएको छ । यद्यपि, यहाँ जातीय विभाजन, आर्थिक असमानता र राजनीतिक ध्रुवीकरणजस्ता चुनौतीहरू पनि छन् । यी चुनौतीहरूले लोकतन्त्र केवल सफलताको कथा मात्र होइन, निरन्तर सुधार र समस्यासँगको संघर्ष पनि हो




भन्ने संकेत दिन्छन् ।

भारत विश्वकै सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा चिनिन्छ । विशाल भूगोल, सांस्कृतिक विविधता, भाषिक भिन्नता, धर्म र जातीय विभाजनबिच पनि लोकतन्त्र टिकाएको भारतले बहुदलवादबारे महत्वपूर्ण सिकाइ दिन्छ । भारतमा शक्तिशाली निर्वाचन आयोग, स्वतन्त्र न्यायपालिका र संघीय संरचना लोकतन्त्रको आधार हुन् । तर धार्मिक विभाजन, जातीय तनाव र राजनीतिक ध्रुवीकरणजस्ता चुनौतीहरूले भारतीय लोकतन्त्र निरन्तर परीक्षणमा छ भन्ने देखाउँछन् ।

नेपालजस्ता मुलुकका लागि भारतीय र युरोपेली लोकतान्त्रिक अभ्यासले सन्देश दिन्छ कि लोकतन्त्रले विविधता व्यवस्थापन गर्नुपर्छ, स्थानीय तहलाई सशक्त बनाउनुपर्छ, न्यायिक स्वतन्त्रता सुरक्षित गर्नुपर्छ र नागरिक अधिकारलाई व्यवहारमै लागू गर्नुपर्छ । नेपालले २०६२/६३ पछि समावेशी-संघीय लोकतान्त्रिक व्यवस्थाको मार्ग समातेको छ । प्रतिनिधिमूलक संरचना, समानुपातिक समावेशी व्यवस्था, स्थानीय तहको विस्तार, नागरिक अधिकारको प्रत्याभूति र बहुदलवादलाई स्विकार्नु नेपालको आधुनिक लोकतन्त्रको स्वरूप हो । तर यो स्वरूप अझै संस्थागत, परिपक्व र विश्वसनीय बन्न बाँकी छ । राजनीतिक अस्थिरता, दलभित्रको नेतावादीकरण, राज्य संस्थामा प्रभाव जमाउन खोज्ने प्रवृत्ति, भ्रष्टाचार, ढिलो न्याय, कमजोर सेवा वितरण जस्ता चुनौतीहरूले लोकतन्त्रलाई कतिपय अवस्थामा औपचारिक र सीमित बनाइदिन्छन् ।

लोकतन्त्रको स्वरूप सफल बनाउन न्यायिक स्वतन्त्रता अत्यन्त महत्वपूर्ण हुन्छ । न्यायालय राजनीतिक हस्तक्षेपबाट मुक्त रहेन भने नागरिकको अधिकार रक्षा हुन सक्दैन । अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ- जर्मनी, क्यानडा, जापान जस्ता देशमा न्यायिक स्वतन्त्रता अत्यन्त बलियो छ, जसले राज्यमा विधिको शासनलाई मजबुत बनाएको छ । नागरिकले राज्यसँग भरोसा राख्न, व्यवसाय सञ्चालन, लगानी सुरक्षा, मानवअधिकार सुनिश्चितता र राजनीतिक स्थायित्वका लागि न्यायपालिकाको स्वच्छता निर्णायक भूमिका खेल्छ ।

लोकतन्त्रको अर्को स्वरूप सक्रिय नागरिक सहभागितामा निर्भर हुन्छ । नागरिक मात्र मतदाता होइनन्; उनीहरू नीति निर्माणका सहभागी, सरकारको मूल्यांकनकर्ता र सामाजिक उत्तरदायित्वका वाहक पनि हुन् । अमेरिका, जर्मनी, बेलायत, स्विडेन जस्ता मुलुकमा नागरिक आन्दोलन, सामाजिक संगठन, नागरिक निगरानी समूह, अनुसन्धान संस्थान, स्वतन्त्र मिडियाले लोकतन्त्रलाई चुस्त-दुरुस्त राखेका छन् ।

मिडिया लोकतन्त्रको मेरुदण्ड मानिन्छ । स्वतन्त्र र जिम्मेवार मिडियाले राज्यसत्ता, राजनीतिक दल, निजी क्षेत्र र व्यक्तिहरूलाई उत्तरदायी बनाउँछ । दक्षिण कोरिया, ताइवान, नर्वे जस्ता मुलुकमा मिडियाको व्यावसायिकता र स्वतन्त्रताले लोकतन्त्र सुदृढ बनेको छ । नेपालमा पनि मिडियाले लोकतन्त्रको विकासमा भूमिका खेलेको छ, तर दलगत प्रभाव, आर्थिक निर्भरताको समस्या र सामाजिक मिडियाको दुरुपयोगले चुनौती थपिरहेका छन् ।

लोकतन्त्रको स्वरूप अझै विकसित हुँदै जाने प्रक्रियामा छ । डिजिटल युगमा लोकतन्त्रको अभ्यास बदलिँदै छ । गलत सूचना, सामाजिक विभाजन, साइबर सुरक्षाको खतरा, हेट स्पिच जस्ता चुनौतीहरूले विश्वभर लोकतन्त्रलाई नयाँ परीक्षणमा ल्याएका छन् । यी चुनौती समाधान नगरे लोकतन्त्र कमजोर पर्न सक्छ । तर प्राविधिक-सूचना प्रगतिले नागरिकलाई बढी जान्ने, बुझ्ने र निर्णय प्रक्रियामा सहभागी हुने अवसर पनि दिएको छ ।

लोकतन्त्रको स्वरूप कुनै देशमा स्थायी भएर बस्दैन । लोकतन्त्र निरन्तर आलोचनाबाट सुदृढ हुन्छ, सहभागिताबाट विकसित हुन्छ र संस्थाकरणबाट टिकाउ बन्छ । अन्तर्राष्ट्रिय अभ्यासहरूबाट सिक्दा एउटै कुरा प्रस्ट हुन्छ- लोकतन्त्र टिकाउन राजनीतिक इच्छाशक्ति, नागरिक चेतना, स्वतन्त्र संस्था, पारदर्शिता, समानता र न्याय अत्यावश्यक छन् । लोकतन्त्र केवल प्रणाली होइन; संस्कार, मूल्य र व्यवहार पनि हो ।

लोकतन्त्रको स्वरूप त्यति बेला मात्र बलियो हुन्छ, जब राज्य नागरिकका लागि हुन्छ, नेतृत्व उत्तरदायी हुन्छ, न्याय समान रूपमा बाँडिन्छ र प्रत्येक व्यक्तिले आफू-आफ्नो आवाज सुनेको महसुस गर्छ । यही विश्वास र अभ्यास नै लोकतन्त्रलाई उसको वास्तविक, सशक्त र मानवीय स्वरूपमा उभ्याउने प्रमुख आधार हो ।

## इतिहासमा आज


२३ नोभेम्बर २०१० मा उत्तर कोरियाले दक्षिण कोरियाको येओनप्योङ टापुमाथि मिसाइल आक्रमण गर्‍यो । मिसाइल आक्रमणमा परी २ मरीन ध्वस्त भएका थिए भने २ नागरिकको ज्यान गएको थियो ।



२३ नोभेम्बर २०११ मा यमनमा ११ महिनाको विरोध प्रदर्शन पछि, यमनी राष्ट्रपति अली अब्दुल्लाह सालेहले कानुनी उन्मुक्तिको बदलामा उपराष्ट्रपतिलाई शक्ति हस्तान्तरण गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए ।



२३ नोभेम्बर २०१५ मा ब्लू ओरिजिनको नयाँ शेपर्ड अन्तरिक्ष यान अन्तरिक्षमा सफलतापूर्वक उडान गर्ने र त्यसपछि नियन्त्रित, ठाडो अवतरणको लागि पृथ्वीमा फर्कने पहिलो रकेट बन्यो ।



२३ नोभेम्बर २०१९ मा मलेसियामा अन्तिम सुमात्रान प्रजातीको गैंडाको मृत्यु भयो, जससँगै मलेसियामा यो प्रजाति आधिकारिक रूपमा लोप भयो ।



# कमजोर लोकतन्त्र र भोकको भकारी

**विचार**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

> *राजनीतिकै भोक छ सबैलाई तर राजनीति भने लाजनीतिमा परिणत भइसकेको छ र त प्रधानन्यायाधीश भइसकेको व्यक्ति विद्यमान संविधान, ऐन, कानुनलाई लत्याउँदै बालुवाटार पुगेकी छिन् ।*

वैदेशिक लगानी खुम्चिए पनि विप्रेषण लाम्चिएको देख्दा मख्खै छ हाम्रो लोकतन्त्र । हिजोको लोकतन्त्रलाई लोभतन्त्र भनेको, आजको लोकतन्त्र पनि उसैको जोडी देखिँदैछ र भन्नै मन लागेको छ- नेपालमा लुते लोकतन्त्र छ र भोकको भकारी नै छ । यहाँ रोग पनि छ, भोग पनि छ, भोक त छँदैछ । बलियो लोकतन्त्रले शेख हसिनालाई सुपुर्दगी माग गरेको छ, सायद उनको घाँटीमा अरिमठे डोरी बाँधिँदैछ । हाम्रो लोकतन्त्रले ब्याक डेटमा एमसीसीलाई आयकर छुट दिएछ, अघिल्लो सरकारको निरन्तरता रे, भनेपछि नयाँ काम नहुने पक्कै भयो । अब सहजै पत्याउनु पर्ने भएको छ- बालुवाटार नेपालीको सुख-दुःखलाई होइन अरु कसैका लागि बनेको हो । बुर्लुक्कै उफ्रिएका अर्का काँचा झापालीलाई समात्यो जेन्जी सरकारले, पाका झापालीलाई डेरा सार गरेको छ, जिल्ला उही, खाली टोल मात्रै फरक, र त उनको हुँकार दमकको भ्यूटावरभन्दा कम छैन ।

उद्घाटनमा रमाउने र उखानमा खप्पिसले धेरै वर्ष देश चलाएका र सहयात्रीहरू पनि सिँगापुरबाट फर्किसकेकाले अब पुरानालाई खासै समस्या छैन भन्ने पक्का-पक्की भएको छ । आन्दोलन भाद्रको त पशुपतिले रोकेका रे, दुई दिनमै सबै सामसुम भइहाल्यो, बाँकी बक्यौताहरूलाई खोज्ने र कोच्ने हो बाँकी रामराम, ठण्डाराम । कता पुग्यो सिंहदरबार, फाइलहरू मात्र गायब भए, पुराना फाइल नपाइने भएकाले सबै जना मित मात्रै हुने भए, अब शत्रु नै नभएको पक्का-पक्की भयो । अख्तियार अनुसन्धान आयोगले के काम गर्ने हो थाहा छैन, नयाँहरूको फाइल बनाउन समय लाग्छ, पुराना त सबै डढे, चोखिए ।

मानव अधिकार आयोगको काम झटारो फाल्ने हो, पाथीभरामा आमाको कसम खाँदा पनि परिवर्तन नआउने पक्का नै भयो । पुरानोको विरासत रहेको बालुवाटार पक्का भयो । बंगलादेशजस्तो हाम्रो हुन्न भनिएको थियो पहिले नै, न श्रीलंका जस्तै हुन्छ भनिएको थियो, नभन्दै भाद्र २३ र २४ आयो, गयो । २०४६ पछि धेरै आयोग बने, आयो-गयोको संक्षिप्त नाम नै आयोग भयो । लहरो तान्दा पहरो गर्जने, देशको भूगोल नै यति सानो भयो कि प्लेन हाइज्याकको कुरो आउला, यसो हेर्न थाले आफन्तैको अनुहार देखिन थाल्यो र त जेन्जी पनि सामसुम हुने जस्तो छ । मार्ग सात वारपार भनेको धेरै वर्ष भएकाले पुरानै तालमा घोक्रेठ्याकमै परे दुर्गाहरू, हरिविजोक छ देशमा, भोकको भकारी छ र त्यसमा असोजमै २ खर्ब रेमिटान्स, नेपाली आमाले राम्रो जनशक्ति तयार गरिछन् कि अब देश-विदेश गएर खर्बौं-खर्ब यहाँ ओइराइदिने । राष्ट्र बैंकलाई पनि हाईसन्चो, लगानी विस्तार भएन, उद्योग-कलकारखाना बन्दजस्तै छन् । विदेशी मुद्रा सञ्चिति यति धेरै भयो कि १६ महिना बसिखान पुग्ने- आयातै गर्ने हो सबै नाना, छाना, खाना ।

राजनीतिकै भोक छ सबैलाई, राजनीति भने लाजनीतिमा परिणत भइसकेको छ र त प्रधानन्यायाधीश भइसकेको व्यक्ति देशको मानव अधिकार आयोग बाहेक अरूमा फिट हुँदैन भन्ने कानुन लागेन । कुन कानुनको कुन दफा समातेर बालुवाटारको भऱ्याङ गएकी हुन् माताजीलाई अत्तोपत्तो छैन । बालुवाटार जान प्रचलित संविधानले अमुक दलको संसदीय दलको नेता हुनु पर्ने भनेको छ । बालुवाटारले संविधान पालन गरेको र जुक्तिले बचाएको शीतल निवासले कुन दलमार्फत कसरी सरकार बनायो थाहा छैन । हुनु पर्ने थियो के भने- यो संविधान त मृतप्राय नै थियो, अर्को अन्तरिम संविधान बनाएर काम गर्नु पर्ने थियो । यो संविधान त खुमल्टार, बालुवाटार, बालकोट, च्यासल सबैको पुरोहित हो- 'पूरा हित' । जसले गर्छ त्यो पुरोहित हुन्छ, यो बनेको उहाँहरूको पूरा हित गर्न हो । त्यसैले शेख हसिना हुन दिने त के, त्यताको गन्धमा पनि यजमानलाई यसले केही गर्न सक्दैन । अजरामर बनाइएको आज होइन, पहिले नै हो र त देशमा हजार बढी काण्डहरू टुसाउँदै गए । माताजीको सरकार देखियो, अब अरूले खासै आशा गर्ने ठाउँ भएन । दफाविहीन सरकारले केही काम गर्न थाले उल्टै समस्या आउन सक्ने भएकाले इतिहासमा नाम लेखाउने र यसो फागुनसम्म टालटूल गर्ने बाहेक अरू काम हुने देखिएन ।

मार्ग मासमा धानका भकारी भरिनु पर्ने थियो, लोभतन्त्र यति बलियो भयो कि बिचौलियाहरूले जग्गा चक्लाबन्दी गरिदिए । पालिकाहरू तिनकै संरक्षण गर्ने भए, डोजर तिनकै बढी छन्, चुनावमा गरिएको लगानी भकारी भरेर नआउने भयो, बरु टेक्का-पट्टाबाट छिटो रिकभर हुने भयो र त वडाअध्यक्षहरूको डोजर वन, पाखा, भीर सबैतिर कुद्न थाल्यो । गाउँका मान्छे खाडी पस्ने लोभतन्त्रको सिँहदरबार गाउँ पस्ने अनौठो भोकतन्त्र जाग्यो देशमा र यसैलाई लोकतन्त्र भनियो, सुशासन भनियो । जनतालाई रासन-पानी छैन, दुशासनहरूको बोलबाला छ, भनियो सुशासन, पारदर्शिता उल्टो भयो कुरो ।

बढी कर तिर्ने उनै परे जो जले, ढले- भाटभटेनीहरू । श्री ३ हरुले उनैसँग घडेरी मात्रै होइन, महल नै मागे, दिए, दिने भए । ती बच्चाहरूले 'हुन्न' भनेर के गर्ने- सिँहदरबार रिसले सोत्तर भयो । ७४ जना धुलीसाफ भए, खर्बौं-खर्बका संरचना ध्वस्त भए, हात लाग्यो शून्य । पुराना फाइल डढे- त्यत्तिनै हो । सशस्त्र युद्धमा पनि भएको यही हो- परिणाम भयो हातमा आयो शून्य, मोजमस्ती भयो । अब त त्यसको नाम-निसान नै नदेखिने भयो, निर्वाचन आएको अभिलेखमा पनि नआउने भयो । यति तरल राजनीति सायद अरू कुनै देशमा हुन्न होला । नेपालीहरूलाई दिउँसै अँध्यारो पार्ने गरी आएको गणतन्त्र र लोभतन्त्रको सदाबहार विजय कहिलेसम्म हेर्नु पर्ने हो, आगे नेपालीहरुकै मर्जी ।

## सामाजिक सञ्जाल



**हरि रोका**

'मैंले सिफारिस गरेको होइन, यो अवैधानिक सरकार हो' भनेर गुड्डी हाँक्नु पर्दैन । २३/२४ भदौको जेनजी विद्रोहीले सिफारिस गरेर सुशीला प्रम भइन् । जुन सरकार विरुद्ध विद्रोह गरिन्छ, तिनैलाई कसलाई प्रम बनाऊ भनेर सोध्दैन । बहाना नबनाई चुनावमा भाग नलिने हो भने जनता उरालेर त्यस्तै विद्रोहमा जाँदा भो ।



**गोकुल बाँस्कोटा**

भूराजनीतिक साङ्लोमा फसेपछि देशै सकिने पछिल्लो दृष्टान्त युक्रेन बन्यो । न देश सग्लो रहने भो न नाटो संलग्नता पाउने न सत्ता जोगियो न जनता बचेँ ? कसका लागि र किन ४ वर्ष युद्ध लडे जेलेस्की ? रसिया-नाटो रणनीतिक पासो र उटपट्याङ अनि अकडो शासकको सिकार त्यस्तो हुने रहेछ । कूटनीति गरौं, तर नखेलौं ।



**रञ्जित तामाङ**

एकथरीलाई कांग्रेसलाई लाग्दो रहेछ कि, कम्युनिस्टहरूका संगतले कांग्रेस बिग्रेका हुन् । कांग्रेस पहिला वाल्मीकि ऋषिजस्ता थिए, अनि कम्युनिस्टहरूको संगतले रत्नाकर डाँकुजस्ता बनेका हुन् भन्ने टाइपका कुरा गर्छन् । कांग्रेसको संगतले कम्युनिस्टहरू पनि बिग्रेका होलान् नि !



**समा थापा**

मैदानमा हिंसा भड्काउने भन्दा आफ्नो लाभ, हानी जोखेर दलको वा जेनजीका गलत क्रियाकलापको बचाउ गर्दै अराजकताको पक्षपोषण गर्ने झन् घातक हुन् । हुन त नेपाली बानी यस्तै हो आफ्ना घरका सबै सुरक्षित बसुन्, अरू सहिद भएर देश बनोस् ।

# गौरमा उच्च भोल्टेजको विद्युत् बस्तीमै, करेन्ट लाग्दा बालकको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ मंसिर

रौतहट सदरमुकाम गौर नगरपालिका-८, बरहवा पुलको दक्षिणतर्फ रहेको हनुमान मन्दिर चोकमा शनिबार उच्च भोल्टेजको नांगो विद्युत् तारले करेन्ट लाग्दा ४ वर्षीय बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय सुनिल साहका छोरा ऋतिक साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता नायब उपरीक्षक (डीएसपी) विष्णु प्रदीप बस्यालका अनुसार बालक बीरबहादुर साहको निर्माणाधीन घरको छतमा खेलिरहेका बेला दुर्घटना भएको हो। घरको छतको नजिकै रहेको ११ हजार भोल्टको नांगो विद्युत् तार छुँदा करेन्ट लागेको थियो। बालकको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रत्यक्षदर्शीहरूले निर्माणाधीन घरको छत र उच्च भोल्टेज विद्युत् तारबीचको दूरी अत्यन्तै कम रहेको बताए। बालबालिकाले छतमा सहजै पुग्न सक्ने भएको र तार खेल्ने क्रममा बालक अचानक तार नजिक पुगेर दुर्घटना भएको उनीहरूको भनाइ छ।

जोखिमबारे बारम्बार जानकारी गराइए पनि नेपाल विद्युत् प्राधिकरणले तारको व्यवस्थापन र स्थानान्तरणमा चासो नदिएको उनीहरूको आरोप छ।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली पुगेर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

सुरक्षित दूरी कायम नगरेर उच्च भोल्टेज लाइन बस्तीमै रहनुले प्राधिकरणको सेवा, सुरक्षा र जिम्मेवारीबारे स्थानीयले प्रश्न उठाएका छन्।

विद्युत् प्राधिकरणले भने यस विषयमा अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन।

# धानको उत्पादन घट्दा मधेशका किसान चिन्तित



**लालबाबु बानियाँ/मध्यान्ह**
पर्सा, ६ मंसिर

मधेश प्रदेशका किसानहरू थप पीडामा परेका छन्। नेपाल कृषि प्रधान देश भएपनि सरकारले किसानका दुःख-कष्टप्रति जिम्मेवारी नलिएको किसानहरूको गुनासो छ। नेपाल सरकार, प्रदेश र स्थानीय सरकार आफैं कमाउने र खानेमा व्यस्त रहेको पीडित किसानहरूले बताएका छन्।

पर्साको धोबिनी गाउँपालिका-४, लंगडीका किसान रुपनारायण ठाकुर भन्छन्, 'मेरो २ बिघामा धान खेती गरेको छु। लगानी करिब १ लाख ४० हजार रुपैयाँ लागेको थियो। तर अन्तिममा आएको पानी र हावाहुरीले सबै धान बाली खेतमै ढालिदिए, सबै कुँदिएर नष्ट भयो। घरमा रुवाबासी लागेको छ।' ठाकुरका अनुसार उनीसँग आफ्नै खेत छैन। अरूकै खेत लिजमा लिएर खेती गरेका थिए। २ बिघामा करिब ८० क्विन्टल धान उत्पादन हुने आशा थियो, तर यसपालि सबै आशा चकनाचुर भएको छ।

उनी भन्छन्, 'अरूको खेत लिजमा लिएर कठा पाँच मन धान दिनु पर्ने थियो, तर धान नउप्जेपछि साहुलाई धान दिन पनि सकेन, उल्टै ऋण नै भयो।'

समयमै सिँचाइ नभएकाले थुप्रै खर्च बढेको ठाकुर बताउँछन्। महंगो मूल्य तिरेर दमकलबाट पानी हाल्नुपरेको, आकाशे पानी नपर्दा मलखाद तथा कीराको औषधि हाल्नुपरेको, फेरि १ सय ५० जना मजदुर लगाएर खरपात हटाउनुपरेको उनले बताए। अन्तिममा आएको हावाहुरी र वर्षाले खेतभरी धान ढालिदिँदा बाली पूर्ण रुपमा नष्ट भएको उनले बताए।

यस्तै समस्या धेरै किसानले भोगेका छन्। छिपहरमाई गाउँपालिका-५, भिस्वाका किसान मनोज पटेल भन्छन्, 'धान रोप्ने बेलामा पानी नपरेर खडेरी भयो। दमकलबाट महँगो मूल्य तिरेर दुई-तीन पटक पटवन गर्‍यौं। त्यसपछि धानमा विभिन्न रोग लाग्यो। अनि अन्तिममा पानी, हावाहुरी र खोला-नाला बगेर आएको बाढीले थप क्षति गर्‍यो।' पटेलका अनुसार यसपालि उनको खेतमा ४० प्रतिशत उत्पादन घटेको छ।

बारा जिल्लाको बहडिलवाका किसान सुमन जैसवालले पनि सोही पीडा दोहोर्‍याउँदै भने, 'तीन बिघा खेतमा धान लगाएको थिएँ, तर समस्या पछिपछि आउने क्रम रोकिएन। यसपालि खेतीमा लागेको खर्च नै ननिस्कने भयो।'

नेपाल सरकार र मधेश प्रदेश सरकारले सुखा क्षेत्र घोषणा गरेको तथा क्षतिपूर्तिको लागि ठूलो-ठूलो भाषण गरेको किसानहरू स्मरण गर्छन्। तर व्यवहारमा केही पनि नपाएको किसानहरूको आरोप छ। बारा, बलिरामपुरका शिवशंकर कालवार भन्छन्, 'सरकारले घोषणा मात्र गर्‍यो, अहिलेसम्म किसानलाई केही दिएको छैन।'

समयमै वर्षा नहुनु, हावाहुरी, कीरा-रोग, सिँचाइको अभाव, बाढी-पहिरो, महँगो पटवन खर्च, लिजमा खेत लिएर बाली नउब्जँदा ऋणको चाप लगायतका समस्याले गम्भीर संकटमा किसानहरू बताउँछन्।

# चन्द्रनिगाहपुरबाट अत्याधुनिक हतियारसहित युवक पक्राउ

**रौतहट/मस-** रौतहटको चन्द्रपुर नगरपालिका-४, देउराली चोकबाट सशस्त्र प्रहरी बल नेपालले अत्याधुनिक हतियारसहित एक युवकलाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा गरिएको चेकजाँचका क्रममा मेड इन इटाली लेखिएको पेस्तोलसहित विभिन्न हतियार फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरी बलको इन्टेलिजेन्स ब्युरोबाट प्राप्त गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी रौतहटको टोलीले शनिबार साँझ देउराली चोकमा पैदल हिँडिरहेका एक युवकलाई रोक्दै खोजतलासी गरेको थियो। पक्राउ परेका युवक मकवानपुर हेटौंडा उप-महानगरपालिका-१३, पदमपोखरीका २२ वर्षीय सुमन आचार्य रहेको सशस्त्र प्रहरीले पुष्टि गरेको छ।

आचार्यको शरीर र साथसामानमा गरिएको विस्तृत चेकजाँचपछि दुईवटा पेस्तोल, दुईवटा म्यागजिन, १३ थान गोली र एक थान खुकुरी बरामद गरिएको प्रहरीको भनाइ छ। बरामद भएको हतियारमध्ये मेड इन इटाली लेखिएको द्यभचभततब पेस्तोल र ब्राउनिङ पेस्तोल अत्याधुनिक प्रकारका रहेको बताइएको छ।

सशस्त्र प्रहरी बलका अनुसार यति ठूलो मात्रामा हतियारसहित व्यक्ति सार्वजनिक स्थानबाटै पक्राउ पर्नुले यसको स्रोत, उद्देश्य र सम्भावित आपराधिक गतिविधिबारे गम्भीर आशंका उत्पन्न भएको छ।

पक्राउ परेका आचार्यलाई बरामद हतियारसहित आवश्यक कानुनी प्रक्रिया र अनुसन्धानका लागि नेपाल प्रहरीलाई बुझाउने तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले हतियार तस्करी, ओसार पसार वा कुनै अपराध समूहसँगको संलग्नताको कोणबाट घटनाको विस्तृत अनुसन्धान अघि बढाउने भएको छ।


## Bhotkhola Rural Municipality
## Office of the Rural Municipal Executive
**Hatiya, Sankhuwasabha**

### Invitation for Online Bids

**Date of Publication: B.S. 2082/08/07 (23 Nov 2025)**

1. Bhotkhola Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari invites electronic bids from eligible bidders for following works under National Competitive Bidding process:

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1. | BKRM/NCB/ WORKS/01/082/83 | Construction of Hostel Building of Krishna Madhyamik Bidhyalaya, Gola | 1,10,02,729.83 | 2,97,000.00 ( 120 Days validity) | 3,000.00 (Non-Refundable) | 23 Dec 2025 At 15:00 hours |
| 2. | BKRM/NCB/ WORKS/02/082/83 | Construction of Truss Building and Compound work | 55,10,131.2 | 1,48,000( 120 Days validity) | 3,000.00 (Non-Refundable) | 23 Dec 2025 At 15:00 hours |

2. Eligible Bidders may visit PPMO website (www.bolpatra.gov.np/egp) for applying and can Visit **https://bhotkholamun.gov.np** for detail information regarding this bid .
3. Matters not covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.

**Chief Administrative Officer**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## डडेल्धुरा अस्पताल
**डडेल्धुरा**

### सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/०८/०७)**

आ.व. २०८२/८३ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Lab Kits & Other Items खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको विस्तृत विवरण तथा शर्तहरू www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**



## मलेसियामा रोजगार

कम्पनी :MAB AGRICULTURE-HORTICULTURE SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०७/२८ — चलानी नं.: ६०२४७३८५ — LT. No.: 333725

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 250 | 0 | स. काममा दक्ष | 1700 | ५७,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ७ देखि १२ गते सम्म (23 to 28 November 2025) मा हुनेछ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १४ गते (30 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Y.K. MANPOWER AGENCY PVT.LTD.**
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com
Govt. Lic. No.: 439/074/075



## कुवेतमा रोजगार

कम्पनीः AL THIQA RESTAURANTS COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/३० — चलानी नं.: ६०२४३२०३ — LT. No.:329434 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward | 2 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४६,५०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Service Crew | 0 | 10 | | 125 | ५८,१२६ | | | | | | | |
| 3. | Waiter/Waitress | 11 | 15 | | 140 | ६५,१०१ | | | | | | | |
| 4. | Kitchen Commis | 29 | 0 | | 140 | ६५,१०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १४ गते (30 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**HABiBi International Recruitment Pvt.Ltd.** Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल। फोन नं: ०१-४५९५१७१ E-mail: info@habibirecruitment.com
Website:www.habibirecruitment.com



### Invitation for Online Bids

**Government of Nepal**
## Chhabispathibhera Rural Municipality
**Byansi, Bajhang**
**Sudurpaschim Province, Nepal**
**Date of Publication (Nov23, 2025)**

1. The Chhabispathibhera Rural Municipality Byansi Bajhang invites Online Bid Form eligible bidder for the construction of the following works.

| Contrect idenification no | Description of work | Estimated Amount (Exclusive (VAT ) | Bid Doc.Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| CPRMBJH/NCB/ W/S/02-2082-083 | Thalara Basti Landslide Protection Work CPRM -05 | 5724105 | 3000 | 145000 | 120 Days | |

2. Eligible Bidders may obtain further information form PPMO website:www.bolpatra.gov.np/egp.

| Last Date and Time for Bid Purchase | Lasta Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: Dec 23 ,2025 12:00 | Date: Dec 23,2025 12:00 | Date: Dec 23 ,2025 13:00 |

| Cash Deposit for Purchases of bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Kumari Bank LTD Byansi ,Bajhang | Bank | Kumari Bank Byansi ,Bajhang |
| Account Name | Chhabispathibhera Rural Municipality | Account Name | Chhabispathibhera Rural Municipality |
| Account Number | 0900037897600022 | Account Number | 0900037897600003 |
| Office code | 801077006 | Office code | 801077006 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
## राष्ट्रिय ट्रमा सेन्टर
**महांकाल काठमाडौं**

### चमेना गृह संचालनका लागी दरभाउपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०७**

१. यस अस्पतालले चमेना गृह सञ्चालनका लागि सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम सिलवन्दी दरभाउपत्रको माध्यामबाट खरिद गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक फर्म/कम्पनिबाट यो दरभाउपत्र आह्वान गरिएको छ।

२. दरभाउपत्रमा भाग लिन इच्छुक फर्म/कम्पनीले तपसिलमा उल्लेखित मिति, स्थान र समयमा दरभाउपत्र खरिद गरि पेश गर्नुपर्नेछ।

| खरिद गर्ने अन्तिम मिति, समय र स्थान | पेश गर्ने अन्तिम मिति, समय र स्थान |
|---|---|
| २०८२/०८/२१ गते दिनको १६:०० बजे, राष्ट्रिय ट्रमा सेन्टर। | २०८२/०८/२२ गते दिनको १२:०० बजे, राष्ट्रिय ट्रमा सेन्टर। |

३. दरभाउपत्रमा भाग लिन इच्छुक फर्म/कम्पनिले तपसिलमा उल्लेखित खातामा रु. १,०००/- (पछि फिर्ता नहुने गरि) दस्तुर जम्मा गरि सो को सक्कल भौचरसहित अस्पतालको खरिद इकाइ शाखाबाट दरभाउपत्र खरिद गर्न सक्नेछन।

| |
|---|
| बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक टेकु, काठमाडौं |
| कार्यालयको खाता नं.:१०००१००२०००१०००० |
| कार्यालय कोडः ३७०००३५१० |
| जम्मा गर्ने कार्यालयको नाम: राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं। |
| राजस्व शीर्षकः १४२२९ |

४. खरिद गरेको दरभाउपत्रमा उल्लेख भएको सर्तहरु अध्ययन गरी तोकीएको फारम भरी सम्पूर्ण प्रस्ताव तथा कागजातहरु एउटै खाममा सिलवन्दी गरि लाहाँछाप लगाइ तोकिएको समयसीमाभित्र यस अस्पतालको खरिद इकाइमा दर्ता गर्नु पर्नेछ। रीत नपुगी तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

५. दरभाउपत्र प्रस्ताव फारमसाथ दरभाउपत्र जमानत स्वरुप रु. २,७०,०००|- (अक्षरुपी दुई लाख सत्तरी हजार रुपैयाँ मात्र) को दरभाउपत्र खोल्ने मितिदेखि कम्तिमा ६० दिन मान्य अवधी भएको बैंक जमानत वा यस अस्पतालको धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न गरि पेश गर्नुपर्नेछ।

६. विस्तृत जानकारीको लागिः- Visit Website: www.nationaltraumacenter.gov.np तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-५३२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

**रब्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०७/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री विल्डर्सनेस्ट कन्स्ट्रक्सन एण्ड कन्सल्टीङ्ग प्रा. लि. (प्रा.लि नं. ३२३३४२)** कायम गर्ने गरी मिति २०८२/०७/१८ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

मिति २०८२/०७/०९ गते साधारण सभा/विशेष साधारण सभा को निर्णय बमोजिम साविक कम्पनी **पशुपति शिवजी इन्टरटेन्मेन्ट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नागराज इन्टरटेन्मेन्ट प्रा.लि.** (दर्ता नं.: ३६६७७३) कायम गर्ने गरी मिति २०८२/०७/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

**कोम्हेन्दो कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०५/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री कोम्हेन्दो कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि नं. २४२५८६)** कायम गर्ने गरी मिति २०८२/०५/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

**एन्जल ल्याङ्गवेज सेन्टर प्रा. लि.** को मिति २०८२/०७/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री एन्जल टि. एजुकेसन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि नं. ५००३३)** कायम गर्ने गरी मिति २०८२/०७/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# प्रचारमा 'हर्ष' टोली



**काठमाडौं/मस–** डेब्यू निर्देशक एकता पौडेलको नेपाली फिल्म 'हर्ष' हाल देशभर व्यस्त प्रचार-प्रसारमा छ। सोही अभियानअन्तर्गत निर्माण टिमले शुक्रबार झापाका विभिन्न शैक्षिक संस्थामा पुगेर विद्यार्थीसँग प्रत्यक्ष संवाद गरेको छ।

बिर्तामोडस्थित लिंकन कलेज, निधि स्कुल, बाल्मीकी स्कुल र चिल्ड्रेन स्कुलमा आयोजित कार्यक्रमहरूमा निर्देशक पौडेलसँगै कलाकार खगेन्द्र लामिछाने र वर्षा राउत उपस्थित थिए। उनीहरूले विद्यार्थीलाई फिल्मको मूल कथावस्तु, सामाजिक सन्देश र निर्माण यात्रा बारे जानकारी दिँदै मंसिर १२ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म हेर्न अनुरोध गरे।

पछिल्ला वर्षहरूमा नेपाली फिल्ममा घट्दो पारिवारिक विषयवस्तुलाई पुनः स्थापित गर्ने उद्देश्यसहित 'हर्ष' निर्माण गरिएको निर्देशक पौडेल बताउँछिन्। प्रचार सामग्री र ट्रेलरले पनि परिवारकेन्द्रित कथाले पुनः स्थान पाउनुको संकेत गरिरहेको छ।

न्युयोर्क फिल्म एकेडेमीमा फिल्म निर्माण अध्ययन गरेकी पौडेलले यसअघि छोटा फिल्म निर्देशन गरिसकेकी छन्। आमसञ्चारमा स्नातक तथा व्यवस्थापन-नेतृत्वमा स्नातकोत्तर गरेकी उनी दिवंगत निर्देशक शिव रेग्मीकी भान्जी समेत हुन्।

फिल्ममा खगेन्द्र लामिछाने, वर्षा राउत र साइमन मुख्य भूमिकामा छन्। साथमा नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेणु प्रधान, सुवर्ण थापा, सृष्टि महर्जन र सिर्जना नापितको अभिनय समावेश छ।

अष्टलक्ष्मी प्रोडक्सन्स र ई-प्राइम मुभिजको ब्यानरमा बनेको 'हर्ष'को कथा स्वयं निर्देशक पौडेलकै हो। प्रशन्न पौडेल र विकास पौडेल निर्माता, हिक्मत चोखाल कार्यकारी निर्माता तथा इश्वर घिमिरे प्रोडक्सन म्यानेजर हुन्। फिल्मका मुख्य सहायक निर्देशक कुलदीप शर्मा हुन्।

चलचित्रको छायांकन अलोक शुक्लाले गरेका छन्। संगीतमा समीर र हिमाल, बसन्त सापकोटा तथा एलिश कार्की छन्। सम्पादन लोकेश बज्राचार्य तथा कोरियोग्राफी सुनिल क्षेत्री र निर्देशक पौडेलले गरेका छन्।

'हर्ष'को वितरण काफिया फिल्म्स र डिसिएनले गर्नेछन् भने डिजिटल पार्टनर बुढासुब्बा डिजिटल रहेको छ।

# 'बब डाइ'को छायांकन सुरु

**काठमाडौं/मस–** रोटेपिङ इन्टरटेनमेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्म्सको सहकार्यमा निर्माण हुन लागेको नयाँ नेपाली फिल्म 'बब डाइ'ले चन्द्रागिरिबाट औपचारिक रूपमा छायांकन थालेको छ। निर्माण टिमका अनुसार करिब ४५ दिनसम्म काठमाडौंका विभिन्न क्षेत्र–विशेषतः कीर्तिपुर र चन्द्रागिरि वरपर छायांकन चल्नेछ।

यस फिल्ममार्फत निर्देशक प्रवीण श्रेष्ठ १२ वर्षपछि पुनः निर्देशनमा फर्किँदैछन्। उनको डेब्यू निर्देशन 'मोक्ष' (२०७०) प्रदर्शन भएको वर्षौंपछि 'बब डाइ'लाई कमब्याक फिल्मका रूपमा लिन सकिन्छ। श्रेष्ठका अनुसार फिल्मको मूल कथा कीर्तिपुरमा केन्द्रित छ।

फिल्मको शीर्षकबारे बोल्दै निर्देशक श्रेष्ठले भने, 'नेवार समुदायमा ज्येष्ठ पुरुषलाई बब डाइ भनिने चलन छ। त्यही सांस्कृतिक पहिचानलाई सम्मान गर्दै हामीले फिल्मको नाम राखेका हौं।' उनले मुख्य पात्र बब डाइको भूमिका सौगात मल्लले निर्वाह गर्ने जानकारी दिए।

फिल्ममा सौगातसँगै सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, कुशल पोखरेल, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन, गीता अधिकारी, भिन्तुना जोशी, नितेश तन्दुकार, मनोज महर्जन र बाल कलाकार अग्रिम पण्डितको पनि अभिनय रहनेछ।

निर्मातामा राजेश घिमिरे, रोशन भट्टराई र सुनील मानन्धर छन् भने रविन्द्र प्रजापति कार्यकारी निर्माता हुन्। प्रवीण श्रेष्ठ र मैनिषा गौचनले लेखेको स्क्रिप्टमा श्याम तामाङ छायाँकारका रूपमा रहेका छन्। सम्पादन भने निर्देशक श्रेष्ठ स्वयंले गर्नेछन्।

निर्माण टिमले फिल्मको छायांकन सकिएपछि मात्र प्रदर्शन मिति सार्वजनिक गर्ने योजना बनाएको छ।


## सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०८/०७**

यस कम्पनीको सञ्चालक समितिको बैठकले निर्णय गरेअनुसार कम्पनीको वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर धनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा बस्ने मिति, स्थान र समयः**
**मितिः २०८२/०९/१९**
**स्थानः का.जि.का.म.न.पा, रोयल ब्यान्क्वेट जडिबुटी, कोटेश्वर।**
**समयः बिहान ११:00 बजे**

**वार्षिक साधारण सभामा छलफल हुने निर्णयहरू**
१. आ.व.२०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सहितको बासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने।
३. आ.व.२०८२/०८३ को लागि लेखा परीक्षकको नियोक्ति गर्ने र पारिश्रामिक निर्धारण गर्ने।
४. विशेष प्रस्ताव : लिक्विडेटर नियुक्त गरी कम्पनी लिक्विडेसनमा लाने सम्बन्धमा।
५. विविध।

**संचालक समितिको आदेशानुसार**
**कम्पनी सचिव**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

**वि. ए. एम. ब्रदर्श कंस्ट्रक्सन प्रा. लि.** को मिति २०८२/०७/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री वि. ए. एम ब्रदर्श मल्टिपर्पोज प्रा. लि. (प्रा.लि नं. २६५७५४)** कायम गर्ने गरी मिति २०८२/०७/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०८/०७**

**चन्दाछ्वा निर्माण सेवा एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०४/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री चन्दाछ्वा कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि नं. २४६६८३)** कायम गर्ने गरी मिति २०८२/०५/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८२/०८/०७ गते**

यस डिभिजन वन कार्यलय कार्यक्षेत्र अन्तर्गत मदन भण्डारी राजमार्ग आयोजना पञ्चपुरी नगरपालिका वडा ३ मा स्यालीघाट राष्ट्रिय वन क्षेत्रबाट संकलन भै कटान, मुछानगरी उत्पादन भै पञ्चपुरी नगरपालिका वडा ३ को घाटगद्दिमा मौज्दात रहेका काठ दाउरा, साल जात काठ ५८ गोलिया थान ८८१.४७ क्यु. फिट, अस्ना जातको काठ ११ गोलिया थान १५०.१६ क्यु. फिट जामुन जातको काठ २ गोलिया थान २७.३२ क्यु. फिट, जम्मा काठ ७१ गोलिया थान १०५८.९५ क्यु. फिट काठ, दाउरा सालको ३ चट्टा मिश्रित दाउरा २ चट्टा घाटगद्दिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

विस्तृत जानकारीको लागि सूचना यस डिभिजन वनको कार्यलयमा सूचना टाँस गरीएको ब्यहोरा समेत सूचित गरिन्छ।

**श्री डिभिजन वन कार्यलय, भेरी, बाबियाचोर, सुर्खेत**

## Mangalsen Municipality
## Office Of Municipal Executive
**Mangalsen, Achham**
**Sudurpaschim Province, Nepal**

### Invitation For E-Bid

**Date of Publication: 2082/08/07**

The Office of Mangalsen Municipality,Mangalsen,Achham Invites Online Bid From Eligible Nepalese Bidders For the construction of the following work

| Contract Identification No. | Description of works | Bid Doc. Fee NRs. | Bid Security NRs. | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|
| MM/ACH/ NCB/W-01/2082-083 | Construction of RedCrossDekhiNagarpalika Kendra JodneKalopatreSadak, Mangalsen-05, Achham | 5000.00 | 13,63,000.00 | 150 Days | |

Bidders may obtain futher information from PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## Sunkoshi Rural Municipality
## Office of Rural Municipal Executive
**Pangretar, Sindhupalchok**
**Bagmati Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2082/08/07 (2025-11-23)**

***Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok*** invites *electronic bids* for the following works under ***National Competitive Bidding (NCB).***

| Contract Identification No. | Description | Estimate Amount (without VAT, PS and contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Last Date, Time |
|---|---|---|---|---|---|---|
| SRM/ Works/WS/ NCB/082/83-07 | KuduleKhola MajhiGaun Ek Ghar Ek Dhara Water Supply Project | NRs. 75,60,308.65 | NRs. 2,50,000 | NRs. 3000 | 2082/09/08 (2025-12-23) at 12:00 hrs | 2082/09/08 (2025-12-23) at 13:00 hrs |

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok.

**(CHIEF ADMINISTRATIVE OFFICER)**

## Duhabi Municipality
## Office of the Municipal Executieve
**Duhabi, Sunsari**

### Invitation for Online Bids

**Date of Publication: 2082/08/07 (2025 Nov.-23)**

1. **Duhabi Municipality** invites bids for the construction of ***various Civil Works for Duhabi Municipality under National competitive bidding and SQ bidding.***

| S. N. | Description of Works | Contract Identification No. | Estimated cost with PS and without VAT | Bid Security (Rs) | Bid document fee | Date Of Publication | Pre Bid Meeting Date | Last Date of Bid Submission | Bids Opening Date | Bid Security Validity Periods | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of asphalt concrete road of remaining Naharwala Bato joining duhabi Municipality ward 9,7,10,11,12 | DM/NCB/ WORK/ 2082/083-04 | Rs. 1,31,22,857.54 | Rs. 3,70,000.00 | 3000.00 | 2025/11/23 | 2025/12/14 | 2025/12/23 12:00 PM | 2025/12/23 13:00 PM | 120 days | |
| 2. | Construction of Asphalt Concrete Road at Duhabi Muncipality-2, Tutaha,Bajde, Birgau, Phutani chowk Road | DM/NCB/ WORK/ 2082/083-05 | Rs. 40,06,642.84 | Rs. 1,13,000.00 | 3000.00 | 2025/11/23 | 2025/12/14 | 2025/12/23 12:00 PM | 2025/12/23 13:00 PM | 120 days | |
| 3. | Construction and maintenance of road from pathivara petrol pump to north chatabeli road at Duhabi Municipality | DM/SQ/ WORK/ 2082/083-06 | Rs. 17,38,707.03 | Rs. 49,000.00 | 1000.00 | 2025/11/23 | 2025/12/02 | 2025/12/08 12:00 PM | 2025/12/08 13:00 PM | 90 days | |
| 4. | Construction of Protection wall at Duhabi municipilaty Ward No-1, Krishna temple to east along way to duhabi suhabi. | DM/SQ/ WORK/ 2082/083-07 | Rs. 12,87,821.24 | Rs. 36,500.00 | 1000.00 | 2025/11/23 | 2025/12/02 | 2025/12/08 12:00 PM | 2025/12/08 13:00 PM | 90 days | |

2. Eligible Bidders may obtain further information from Office of Duhabi Municipality, Duhabi Sunsari, Telephone number 024-540024, email id : info@duhabimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below :

Name of the Bank: NIC Asia Bank. Duhabi Sunsari
Name of Office: Duhabi Municipality
Office Account no.: 1082058499378017 **( Aantarik Rajashwa khata )**
Name of the Bank : **NIC Asia Bank. Duhabi Sunsari**
Name of Office : **Duhabi Municipality**
Office Account no.: 1082058499378005 **( Dharauti Acc.)**

# विराटनगरको लगातार दोस्रो जित, कर्णालीको पहिलो जित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर

नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करणमा विराटनगर किंग्सले लगातार दोस्रो जित दर्ता गरेको छ । शनिबार भएको दोस्रो खेलमा विराटनगरले काठमाडौं गोर्खाजलाई पाँच विकेटले पराजित गर्दै जित निकालेको हो ।

काठमाडौं गोर्खाजले दिएको १३५ रनको लक्ष्य विराटनगरले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर भेट्टायो । जसमा जर्ज मुन्सेले सर्वाधिक ३६, नरेन भट्टले २४, लोकेश बमले १४, मार्टिन गप्टिलले २५ तथा बसिर अहमदले १९ रनको योगदान दिए । बलिङमा काठमाडौंका शाहव आलमले दुई, करण केसी, गेह्रार्ड एरामस र सन्तोष यादवले एक-एक विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा टस हारेर ब्याटिङको निम्तो पाएको काठमाडौंले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १३४ रन बनाएको थियो । जसमा आदिल आलमले सर्वाधिक ४८ रनमा अविजित रहे । बेन चाल्सवर्थ ३२, सन्तोस यादवले २६ रन जोडे । विराटनगरका मर्चेन्ट डे लाङले दुई, कप्तान सन्दीप लामिछाने, शुभम् रन्जाने र सूर्य तामाङले एक/एक विकेट हात पारे ।



पहिलो खेलमा विराटनगरले पोखरा एभेन्जर्सलाई पराजित गरेको थियो । तेस्रो खेल खेलेको काठमाडौंले भने दोस्रो हार व्यहोरेको छ । आफ्नो पहिलो खेलमा जनकपुर बोल्ट्सलाई पराजित गरेको काठमाडौं दोस्रो खेलमा सुदूरपश्चिमसँग पराजित भएको थियो ।

**एनपिएल**

यो जितपछि विराटनगर अंक तालिकाको दोस्रो स्थानमा पुगेको छ । काठमाडौं तेस्रो स्थानमा छ । सुदूरपश्चिम शीर्ष स्थानमा कायमै छ ।

शनिबार नै कर्णाली याक्सले पहिलो जित निकालेको छ । स्कटल्यान्डका मार्क वाटको विस्फोटक ब्याटिङमा लुम्बिनी लायन्सविरुद्ध कर्णाली याक्सले ९ विकेटको शानदार जित निकालेको हो ।

लुम्बिनी लायन्सले प्रस्तुत गरेको १५७ रनको लक्ष्य कर्णालीले १२ दशमलव २ ओभरमा एक विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो । कर्णालीको जितमा वाटले शतक प्रहार गरे । उनी एनपिएलको जारी संस्करणमा शतक प्रहार गर्ने पहिलो खेलाडी बने ।

वाटले ४४ बल खेल्ने क्रममा १२ छक्का र ६ चौकाको सहयोगमा ११४ रन बनाए । २९ बलमा अर्धतक पूरा गरेका उनले थप ४१ बलमा शतक पूरा गरेका थिए ।

कर्णालीका ओपनर प्रियांक पञ्चाल १२ रनमा आउट भए भने विलियम वोसिस्टो २९ रनमा अविजित रहे । लुम्बिनीका लागि एक मात्रै विकेट शेर मल्लले लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १५६ रन बनाएको थियो ।

लुम्बिनीका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ४९ रन जोडे । यस्तै, रुबेन ट्रम्पलमान २९ रनमा अविजित रहे । जोहानीस जोनाथन स्मितले २३ रन तथा डी'आर्की शर्टले १९ रन बनाउँदा अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ कर्णालीका नन्दन यादवले दुई विकेट लिए भने सोमपाल कामी, गुलशन झा, मार्क वाट, विपिन शर्मा र युवराज खत्रीले एक-एक विकेट लिए ।

एनपिएलअन्तर्गत आइतबार कुनै पनि खेल छैनन् भने सोमबार दुई खेल हुनेछन् । सोमबार हुने पहिलो खेलमा जनकपुर बोल्ट्स र विराटनगर किंग्सबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबीच प्रतिस्पर्धा हुनेछ ।

# रतुवामाईमा मेयरकप फुटबल हुँदै



**प्रवेश बिष्ट/मध्यान्ह**
विराटनगर, ६ मंसिर

मोरङको रतुवामाईमा चौथो संस्करणको मेयरकप रनिङ शिल्ड फुटबल प्रतियोगित हुने भएको छ । रतुवामाईको नगर युवा तथा खेलकुद समितिको आयोजनामा मंसिर १२ देखि १७ गतेसम्म प्रतियोगिता सञ्चालन हुने भएको हो ।

खेलकुद समितिका अध्यक्ष अनिल सुब्बाका अनुसार प्रतियोगितामा नगरपालिकाका १० वटै वडाहरूको टिम सहभागी हुनेछन् । खेलहरू रतुवामाई-७ स्थित गढीझार खेल मैदानमा सञ्चालन हुनेछन् ।

प्रतियोगिताको विजेता टिमलाई नगद ७५ हजार र उपविजेतालाई ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिने सुब्बाले बताए । प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई समेत पुरस्कार प्रदान गरिने छ ।

खेल अवधिभरका उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, सर्वाधिक गोलकर्ता र प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई पनि पुस्कृत गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताका बारेमा शनिबार आयोजकले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । सम्मेलनमा रतुवामाईका नगरप्रमुख नागेश्वर सिंहले खेलाडीहरूको क्षमता अभिवृद्धि गर्न र नयाँ खेलाडी उत्पादनका लागि प्रतियोगिताले सहयोग पुग्ने बताए ।

# खड्का र न्यौपानेलाई नेपालगन्ज म्याराथनको उपाधि

**नेपालगन्ज/मस-** नेपाली सेनाका खडकबहादुर खड्का र पूर्णलक्ष्मी न्यौपानेले ११औं धारा नेपालगन्ज म्याराथनको उपाधि जितेका छन् । शनिबार नेपालगन्जमा भएको म्याराथनमा खडक दुई लाख र पूर्णलक्ष्मी नगद ७५ हजार नगदसहित ट्रफी र पदकले पुरस्कृत भए ।

म्याराथनमा ४२.१९५ किलोमिटर पुरुष खुला स्पर्धामा खडकले २ घण्टा १५ मिनेट ६ सेकेन्डमा दूरी पूरा गर्दै देशकै सरल कोर्ष मानिएको नेपालगन्जमा गत वर्षको रेकर्ड ब्रेक गर्न सफल भए । उनले लगातार दोस्रो पटक र समग्रमा नेपालगन्ज म्याराथनको विजेता ट्रफीमा ह्याट्रिक गरेका हुन् ।

यसमा नेपाली सेनाकै सुशीलकुमार शाहीले २ घण्टा १६ मिनेट ४० सेकेन्डमा दूरी पूरा गर्दै दोस्रो स्थान हासिल गरे । उनी नगद एक लाख र पदकबाट पुरस्कृत भए । तेस्रो स्थान आउन सफल नेपाल एपिएफ क्लबका गोपीचन्द्र पार्कीले २ घण्टा १९ मिनेट १५ सेकेन्डमा निर्धारित दूरी पूरा गरे । उनी ५० हजार नगद र पदकबाट पुरस्कृत भए ।

हाफ म्याराथन महिला २१ किलोमिटरतर्फ सेनाकी पूर्ण राज्यलक्ष्मीले एक घण्टा २१ मिनेट २७ सेकेन्डमा निर्धारित दूरी पुरा गरी प्रथम स्थान हासिल गर्दा नेपाल एपिएफ क्लबकी फूलमती रानाले १ घण्टा २७ मिनेट २२ सेकेन्ड, जुम्लाकी सुनदीवा बुढाले १ घण्टा २७ मिनेट ३९ सेकेन्ड, पुष्पा आचार्यले १ घण्टा ३५ मिनेट १ सेकेन्ड, अमिता राईले १ घण्टा ४७ मिनेट २९ सेकेन्डको समय निकाल्दै शीर्ष पाँच स्थान हासिल गरे । उनीहरु क्रमशः ७५ हजार, ५० हजार, २५ हजार, १५ हजार र १० हजार नगद तथा पदकले पुरस्कत भए । पूर्णलक्ष्मीको यो दोस्रो उपाधि हो । यसअघि उनले पाँचौं संस्करणमा उपाधि जितेकी थिइन् ।



१० किलोमिटर रोड रेसमा पुरुषतर्फ नेपाल पुलिस क्लबका नागेश्वर अहिर (३१:४२:३१), नेपाल एपीएफ क्लबका रुपेश कार्कीले (३१:४९.०५) र नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका (३१:५७.४२) र महिलातर्फ कल्पना बुढा(३७:१८.०७), दीपा परियार(३८:१०.८९), सुनदेवा बुढा (३८:४३.३१), सुमित्राकुमारी चौधरी (३८:५०.२२), देवकी कुमारी(४०:४३.८२), अर्जेन्टिनाकी एलियना जर्केलिस (४०:५५.२८)को समय निकाल्दै शीर्ष स्थान हासिल गरे ।

कर्पोरेट रनतर्फ डा. रामकृष्ण लामिछाने, डा. विश्वनाथ शर्मा, प्रहरी निरीक्षक पदम थारु, नारायणप्रसाद बस्याल, नवीन शर्मा पौड्यालले शीर्ष पाँच स्थान हासिल गरे ।

नेपालगन्ज म्याराथन आयोजक कमिटीले यस वर्षदेखि विद्यालयस्तरमा दौडको लोकप्रियता बढाउन स्थापना गरेको 'नेपालगन्ज ट्रफी' यस वर्ष एन्जल्स स्कुलले हात पारेको छ । सर्वाधिक दर्ता गराउने विद्यालयलाई यो ट्रफीबाट सम्मानित गर्ने आयोजक कमिटीको पुर्वनिर्धारित निर्णयअनुसार एन्जल्स स्कुल छनोटमा परेको हो । कार्यक्रमका प्रमुख आकर्षण महानायक राजेश हमालले स्कुलकी निर्देशक विवेचना मल्ललाई ट्रफी हस्तान्तरण गरे । एन्जल्स स्कुलबाट एक सय दश जनाले भाग लिएका थिए ।

बाँके जिल्लास्तरीय स्कुल दौडमा छात्रातर्फ दीपशीखा शाही, ज्ञानदेवी महतारा र अप्सरा बम तथा छात्रतर्फ अरविन्दकुमार यादव, अरमन अहमद दर्जी र किरण रोकायले शीर्ष तीन स्थान हासिल गरे ।

किड्स रनतर्फ ब्राइटल्यान्ड स्कुलका नमांसु थापामगर, सगरमाथा ज्ञानकुन्जका सुजन शाही र ब्राइटल्याण्डकै निकेस फडाराले क्रमशः शीर्ष तीनको स्थान हासिल गरे ।

ह्वीलचेयर दौडमा पारसराम बढई, राजेश हरिजन, मनकुमारी परियारले शीर्ष तीन स्थान हासिल गरे ।

विजयी खेलाडीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ, लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्यसचिव तिरनदाज गौतम, केएल दुगड ग्पका सिईओ प्रदीप छाजेड, महानायक राजेश हमाल, मिस नेपाल वर्ल्ड २०२५ लुना लुईंटेल, मिस नेपाल वर्ल्ड २०२३ सृच्छा प्रधान, जेनजी अभियन्ता रक्षा बम, नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत सूर्य थपलिया, एभरेस्ट म्याराथनका संस्थापक विक्रम पाँडेकाजीलगायतले पुरस्कृत गरे ।

म्याराथनका अवसरमा तयार गरिएको नेपाल रनिङ अंक ३ बिशेषांक सार्वजनिक गरियो । महानायक राजेश हमाल, मिस नेपाल वर्ल्ड २०२५ लुना लुईंटेल, मिस नेपाल २०२३ सृच्छा प्रधान, ओलम्पियन दीपक बिष्ट, साग दोहोरो स्वर्णधारी दीपक श्रेष्ठले म्यागजिन सार्वजनिक गरे । विशेषांकमा रनिङ सम्बन्धी आलेख समावेश गरिएको छ । एम्स दूत तथा नेपालगन्ज म्याराथन संस्थापक टीएस ठकुरीदेखि बर्लिन म्याराथनका संस्थापक हर्ड्स मिल्डेदेखि बाङ्सेन रनिङ सिरिज (थाइल्यान्ड)का प्रमुख रुटका साथै टाटा मुम्बई म्याराथनदेखि कोसिस म्याराथन हुँदै सिकागो म्याराथनका सिओओ माइक निसीसम्मका आलेख राखिएको छ ।

यसअघि नेपालको प्रतिष्ठित प्रकाशन गृह फाइनप्रिन्टसँगको सहकार्यमा नेपालगन्ज कनक्लेभ भएको थियो । कनक्लेभ र म्याराथन हरेक वर्ष स्तरोन्नति गर्दै जाने अध्यक्ष टीएस ठकुरीले बताए ।


## Chulachuli Rural Municipality
## Office of the Rural Municipal Executive

**Chulachuli, Ilam**

**Koshi Province**

## Invitation for Online Bids

**Date of Publication:23 Nov. 2025 (2082/08/07)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimated amount without vat and P.S | Bid Security Amount (Nrs.) | Cost of Bidding Documents (NRs.) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/Chulachuli/ 082/83 | Construction of Black top Road chulachuli Marga, chulachuli-5 | 94,79,371.25 | 2,37000.00 | 3000 | NCB | Ga.1.1 Ga-1.1 Rajaswa (Revenue) khata Acc No: 1030060744200030 |
| 2 | 02/Chulachuli/ 082/83 | Construction of Black top Road chulachuli Marga, chulachuli-1 | 94,32,063.51 | 236000.00 | 3000 | NCB | |
| 3 | 3/chulachuli/ 082/83 | Construction of Black top road in Himali Marga, ward no.2, (swami chowk dakshin) | 8827524.46 | 221000 | 3000 | NCB | Ga.1.1 Ga-1.1 Rajaswa (Revenue) khata Acc No: 1030060744200030 |
| 4 | 4/chulachuli/ 082/83 | construction of Black top road of Manghim Marga, chulachuli-4,Ilam | 10,740,401.20 | 269000.00 | 3000 | NCB | Ga.1.1 Ga-1.1 Rajaswa (Revenue) khata Acc No: 1030060744200030 |

2. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०८/०७**

यस बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सुचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : कन्चनबारी, विराटनगर**

**१. ऋणीको नाम र ठेगाना**

गोविन्द प्रसाद चम्लागाईको नाती, तेज प्रसाद चम्लागाईको छोरा, मोरङ्ग जिल्ला केराबारी गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला केराबारी गा.पा. वडा नं. ०९, बस्ने **योगेन्द्र प्रसाद चौलागाई** (ना.प्र.नं. ६८१९३, जारी मिति २०५९/०३/११, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. तेज प्रसाद चम्लागाईकी बुहारी, भानुभक्त सिटौलाकी छोरी, योगेन्द्र प्रसाद चौलागाईकी श्रीमती, झापा जिल्ला पाँचगाछी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला केराबारी गा.पा. वडा नं. ०९ बस्ने **टिका सिटौला** (ना.प्र.नं. ०४-०२-७२-०३६४२, जारी मिति २०७२/०८/१४, जि.प्र.का. झापा)
२. गोविन्द प्रसाद चम्लागाईकी बुहारी, खडानन्द ढकालकी छोरी, तेज प्रसाद चम्लागाईकी श्रीमती, मोरङ्ग जिल्ला केराबारी गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला केराबारी गा.पा. वडा नं. ०९ बस्ने **कृष्ण कुमारी चम्लागाई** (ना.प्र.नं. १८५-२६१, जारी मिति २०४३/०९/१७, प्रथम प्रतिलिपि मिति २०७९/०४/११, जि.प्र.का. मोरङ्ग)

**२. ऋणीहरुको नाम र ठेगाना**

१. दल बहादुर राईकी बुहारी, बसम्लुम बिलाईकी छोरी, कुमार बहादुर राईकी श्रीमती, ताप्लेजुङ्ग जिल्ला नाँखोल्याङ गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०२ बस्ने **सोनु बिलाई राई** (ना.प्र.नं. ०१/९६, जारी मिति २०६९/०५/१३, जि.प्र.का. ताप्लेजुङ्ग)
२. सुक राज राईको नाती, दल बहादुर राईको छोरा, ताप्लेजुङ्ग जिल्ला नाँखोल्याङ गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०२, बस्ने **कुमार बहादुर राई** (ना.प्र.नं. ३९८३/३१६६, जारी मिति २०४२/०८/१४, जि.प्र.का. ताप्लेजुङ्ग)

**३. ऋणीहरुको नाम र ठेगाना**

१. ढकुलाल माझी थारुकी बुहारी, चम्पा चौधरी थारुकी छोरी, उज नारायण माझी थारुकी श्रीमती, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५ बस्ने **जितनी देवी माझी थारु** (ना.प्र.नं. ७९०००, जारी मिति २०६०/०८/१८, प्रथम प्रतिलिपि मिति २०६९/०५/२०, जि.प्र.का. मोरङ्ग)
२. पढुलाल माझी थारुको नाती, ढकुलाल माझी थारुको छोरा, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५, बस्ने **उज नारायण माझी थारु** (ना.प्र.नं. १२१८५, जारी मिति २०५१/०२/०२, प्रथम प्रतिलिपि मिति २०५६/१०/२६, जि.प्र.का. मोरङ्ग)

**४. ऋणीको नाम र ठेगाना**

ढकुलाल माझी थारुकी बुहारी, चम्पा चौधरी थारुकी छोरी, उज नारायण माझी थारुकी श्रीमती, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५ बस्ने **जितनी देवी माझी थारु** (ना.प्र.नं. ७९०००, जारी मिति २०६०/०८/१८, प्रथम प्रतिलिपि मिति २०६९/०५/२०, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताको नाम र ठेगाना**

पढुलाल माझी थारुको नाती, ढकुलाल माझी थारुको छोरा, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५, बस्ने **उज नारायण माझी थारु** (ना.प्र.नं. १२१८५, जारी मिति २०५१/०२/०२, प्रथम प्रतिलिपि मिति २०५६/१०/२६, जि.प्र.का. मोरङ्ग)

**५. ऋणीहरुको नाम र ठेगाना**

१. शोभित महतोकी बुहारी ,अशोक प्रसाद साहकी छोरी, प्रविण कुमार महतोकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०४ बस्ने **अनु साह महतो** (ना.प्र.नं. ९८६८, जारी मिति २०६५/०३/०५, जि.प्र.का. मोरङ्ग)
२. राम प्रताप महतोको नाती, शोभित महतोको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०४, बस्ने **प्रविण कुमार महतो** (ना.प्र.नं. ३२६०४, जारी मिति २०५४/०४/१०, जि.प्र.का. मोरङ्ग)

**६. ऋणीको नाम र ठेगाना**

शोभित महतोकी बुहारी, अशोक प्रसाद साहकी छोरी, प्रविण कुमार महतोकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०४ बस्ने **अनु साह महतो** (ना.प्र.नं. ९८६८, जारी मिति २०६५/०३/०५, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताको नाम र ठेगाना**

राम प्रताप महतोको नाती, शोभित महतोको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०४, बस्ने **प्रविण कुमार महतो** (ना.प्र.नं. ३२६०४, जारी मिति २०५४/०४/१०, जि.प्र.का. मोरङ्ग)

**शाखा कार्यालय : बनिगामा, मोरङ**

**ऋणीको नाम र ठेगाना**

पढुलाल माझी थारुको नाती, ढकुलाल माझी थारुको छोरा, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५, बस्ने **उज नारायण माझी थारु** (ना.प्र.नं. १२१८५, जारी मिति २०५१/०२/०२, प्रथम प्रतिलिपि मिति २०५६/१०/२६, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. ढकुलाल माझी थारुकी बुहारी, चम्पा चौधरी थारुकी छोरी, उज नारायण माझी थारुकी श्रीमती, मोरङ्ग जिल्ला तेतरिया गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५ बस्ने **जितनी देवी माझी थारु** (ना.प्र.नं. ७९०००, जारी मिति २०६०/०८/१८, प्रथम प्रतिलिपि मिति २०६९/०५/२०, जि.प्र.का. मोरङ्ग)
२. पढु लाल माझी थारुकी बुहारी, सतौन गच्छदारकी छोरी, ढकुलाल माझी थारुकी श्रीमती, मोरङ्ग जिल्ला मोतिपुर गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा. वडा नं. ०५ बस्ने श्रीमती **तालावती देवी थारु** (ना.प्र.नं. ८६७६, जारी मिति २०३४/०५/२७ प्रथम प्रतिलिपि मिति २०६८/०६/३०, जि.प्र.का. मोरङ्ग)

Citizens Bank

**मुख्य कार्यालय**:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

गो.हु.का.द.नं. ३३/०६९/०७०
७ मंसिर २०८२ आइतबार
23 November 2025 Sunday

# 'हेन्डमेड कपडा लगाउनेको व्यक्तित्व नै फरक हुन्छ'

विवाह लगनको समय सुरु भएसँगै टेलरिङ व्यवसायमा कामको चाप बढेको छ । लगनको बेलामा बेहुलादेखि जन्तीले सुट पाइन्ट लगाउने हुँदा टेलरिङ व्यवसाय यतिबेला व्यस्तता देखिन्छ । युवा पुस्ता विदेश पलायन भइरहँदा सीप हुनेका लागि भने टेलरिङ व्यवसाय राम्रो अवसर बनेको छ । तर, आयातित रेडिमेड कपडाको कारण सो व्यवसायमा केही चुनौती भने थपिएको व्यवसायी बताउँछन् । प्रस्तुत छ, यसै सन्दर्भमा सुटमालाका सिइओ **राज कार्की**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।



■ राज कार्की, सिइओ, सुटमाला

**टेलरिङ व्यवसायमा सिजनको सुरु भएको छ, अहिले व्यवसायको अवस्था कस्तो छ ?**

यो व्यवसाय सिजन अफसिजन भन्दा पनि सदाबहार जस्तै हो । तर, विवाहको सिजनमा भने व्यस्तता थप बढ्ने गरेको छ । पछिल्लो समय धेरै उपभोक्ताले खर्चमा खटौती गरेको पाइन्छ । केही वर्ष यताको व्यापारको अवस्था हेर्ने हो भने ग्राहकले पहिलाको जस्तो मन खुलेर खरिद गर्ने परम्परा कम भएको जस्तो देखिन्छ ।

तर, अहिले विवाहदेखि भोजसम्म, विभिन्न संस्थागत कार्यक्रम, मिटिङ, भेटवार्तामा समेत सुटपाइन्ट लगाएर जाने संस्कारको विकास हुँदा सुटको व्यवसाय राम्रो पनि हुँदै गएको छ । यस्तै, सुटमालाले सबैको पहुँच पुऱ्याउने लक्ष्यको साथ भिआइपी व्यक्तिदेखि सामान्य नागरिकसमेतले किन्न सक्ने किसिमको पहिरन बनाउने काम गर्दै आएको छ । सोही तरिकाको कारण हामी व्यवसायको साथै सम्वन्ध बिस्तार गर्न समेत सफल भएका छौं ।

**ग्राहक पोशाकका लागि सुटमालामा नै किन जाने ?**

हामीसँग भएका दक्ष जनशक्तिले बनाएका आकर्षक डिजाइनले गर्दा नै सुटमाला उपभोक्ताको प्रुमख रोजाइमा पर्ने गरेको छ । गुणस्तरीय कपडा र सिलाइको कारण एक पटक हामीसँग आउनु भएका ग्राहक पटक-पटक आउने गर्नुभएको छ ।

हामीले दिने सेवा र विश्वासले गर्दा नै हामी नेपालको सफल टेलरिङ व्यवसायीको रूपमा परिचित छौं । हामीले हाम्रो तर्फबाट कसरी सेवा गर्न सकिन्छ, कसरी सहजता गर्न सकिन्छ भनेर अहिले फेमिली प्याकेजदेखि साधारण मूल्यको कम्बो सेटसम्मको अफर समेत दिइरहेको छौं । ग्राहकको आवश्यकता र ग्राहकको रोजाईमा पर्नेगरी सुटमालाले अफरसहितको सेवा दिने गरेको छ ।

हामी व्यवसाय मात्र हैन बजारमा नयाँ डिजाइनसमेत भित्राउने टेलरिङ व्यवसायको रूपमा अगाडि छौं । हामीले सर्टिङ सुटिङको क्षेत्रमा ग्राहकको लागि विश्वास बढाउने पहिरनमा विशेष ध्यान दिन्छौं । सुनमा २२ क्यारेट र २४ क्यारेटको रेट फरक भएजस्तै कपडाको पनि गुणस्तरअनुसार मूल्य फरक-फरक पर्छ । कस्तो ग्राहकलाई कस्तो दररेटमा चाहिन्छ यसमा हामीले काम गर्ने गरेका छौं ।

**तयारी कपडाको आयातले यो व्यवसायलाई कस्तो असर गरेको छ ?**

सिलाइको कपडा लगाउने व्यक्तिको व्यक्तित्व नै फरक देखिन्छ । सिलाइको कपडाको महत्व बुझ्न सक्ने हो भने रेडिमेट भन्दा बडी फिटिङ राम्रो देखिन्छ । रेडिमेड गार्मेन्टको फिनिसिङ र टेलरिङको फिनिसिङ राम्रो देखिन्छ ।

रेडिमेड कपडा भनेको एकैपटकमा लाखौं लाख थानमा उत्पादन हुन्छ । सो कपडा सबैको साइज अनुसार मिल्दैन । अर्को कपडाको गुणस्तरको कुरा पनि हुन्छ । रेडिमेड भन्ने बित्तिकै फेरि नेपालमा सस्ता कपडाहरू बढी आयात भइरहेको अवस्था छ । स्वदेश मै सिलाइको कपडामा समस्यामा आयो भने हामीलाई गुनासो गर्न सकिन्छ । **तर, महागो पैसा तिरेर रेडिमेट किनेपनि राम्रो परेन भने के गर्ने ?**

हाम्रोमा हेन्डमेडको महत्व निकै कम छ तर, युरोप, अमेरिकातिर हेन्डमेडको कपडा लगाउनेको व्यक्तित्व नै फरक पर्छ । रेडिमेड भनेको सर्वसाधारण सबैले प्रयोग गर्ने र सिलाइको कपडा चाहिँ एउटा स्तरको मान्छेले मात्र प्रयोग गर्ने संस्कार बाहिरी मुलुकमा देखिन्छ । तर, हाम्रोमा चाहिँ ठ्याक्कै उल्टो छ ।

**फेसन डिजाइन क्षेत्रमा सुटमालाले कसरी काम गरेको छ ?**

सुटमालाले उत्पादन गर्ने सुटहरू आफैँमा क्लासिक छन् । अहिलेको इन्टरनेसनल बजारमा सुट फेसन र स्टाइलिस बन्दै गएको छ । त्यसैले गर्दा हामी पनि अपडेट भइरहनु पर्छ । यो व्यवसायमा अवसर र चुनौती उस्तै छ । हामीले जति कलात्मक, स्टाइलिस बनाउन सक्यौं त्यति हाम्रो कलाको चर्चा हुने गर्दछ । त्यसैले गर्दा हामी सधैं अपडेट भएको फेसमा चासो लिने गरेका छौं ।

सिलाइ गर्दा व्यक्तिलाई सुहाउँछ कि सुहाउँदैन भनेर हामी ग्राहकलाई सल्लाह समेत दिने गरेका छौं । हामीसँग आउने ग्राहकलाई परिवारको सदस्यको रूपमा नै गाइड पनि गर्ने गरेका छौं ।

**सिलाइका कपडालाई प्रवर्धन गर्नका लागि अब के गर्नुपर्छ ?**

सबैभन्दा ठूलो कुरा त कुनै पनि मुलुकमा अथवा कुनै पनि क्षेत्रमा काम गर्नको लागि त्यसमा सरकारको ठूलो हात हुन्छ । प्राइभेट सेक्टरले मात्र गर्न सक्दैन । सरकारले चाहिँ यसलाई अलिकति ध्यान दिएर एउटा ठूलो अभियान चलाउनु पर्ने आवश्यकता देखिएको छ । विश्वमा सीपको काम गर्ने मान्छेको महत्व बढ्दो छ । विदेशमा लुगा सिलाउन जानेले त्यहाँ पैसा राम्रो कमाउने गरेका छन् । त्यसैले गर्दा नेपालले यो व्यवसायलाई प्रवर्धन गर्ने र निर्यात गर्न सक्नेगरी वातावरण बनाइदिने हो भने राम्रो लाभ नेपालीले लिन सक्छन् ।

स्थानीय तहमा सिलाइ कटाइ तालिम दिने गरिएको सुनिन्छ । त्यसले केही त फाइदा भयो होला तर, त्यो सीप सिक्ने भन्दा पनि यसलाई कसरी फेसनसँग जोड्न सकिन्छ भनेर लाग्नुपर्छ ।

विश्वबजारमा अहिले फेसन अथवा कस्मेटिकमा ठूलो माग भएको अवस्था छ । नेपालमा चाहिँ परम्परागत तरिकाबाट जिविकोपार्जन गर्ने मात्र काम भएको छ । टेलरिङ व्यवसायलाई व्यवसायीकरण गर्न सकिएको छैन । व्यवसायीकरण गर्नको लागि चाहिँ राज्यको र व्यवसायीबीच समन्वय आवश्यक छ । राज्यसँग हातेमालो गरेर काम गर्ने हो भने यो व्यवसायलाई अन्तर्राष्ट्रियकरण गर्न सकिन्छ ।

# अमन आइपिएम ट्रेनिङ सेन्टरको शुभारम्भ

**काठमाडौं/मस-** अमन आइपिएम ओभरसिज प्रालिअन्तर्गत सान्क्यू ट्रेनिङ सेन्टरले वैदेशिक रोजगारीका लागि जापान जाने दक्ष कामदारका लागि बृहत् आकारमा उच्चस्तरीय तालिम प्रदान गर्दै आएको छ । अमन आइपिएम ओभरसिज प्रालिसहित जापानी, कोरिया ताइवानी र भियतनामी समन्वयमा खुलेको अमन आइपिएम सानक्यू ट्रेनिङ सेन्टरको शुक्रबार उद्घाटन गरिएको छ ।




काठमाडौंस्थित बालुवाटारमा स्थापना गरिएको तालिम केन्द्रको बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयकी निवर्तमान मन्त्री हरिप्रभा खड्गी शुक्रबार उद्घाटन गरेकी हुन् । साथै, अमन आइपिएम ओभरसिज प्रालिका अध्यक्ष प्रदीप श्रेष्ठ, जापानी प्रतिनिधिका टोयो युनियन अध्यक्ष सातो मियाजाकी, काठ युनियन प्रतिनिधि मुराता यो, कनेक्ट युनियनका प्रतिनिधि इमादा ताकओ, भियतनाम प्रतिनिधि हान्त तुआन लगायतका अतिथिले संयुक्त रूपमा रिवन काटेर तालिम केन्द्रको उद्घाटन गरेका थिए । तालिम केन्द्रको उद्घाटन समारोहमा जापानका २९ वटा संस्थाका २९ जना व्यवसायी टोली सहभागी भएको थियो । नेपालमा दक्ष कामदार तालिमको उद्देश्य राखेर नेपाल आएको यो पहिलो र ठूलो प्रतिनिधिमण्डल मानिएको छ ।

अमन आइपिएम ट्रेनिङ सेन्टरले वैदेशिक रोजगारीका लागि जापान जाने दक्ष कामदारका लागि बृहत् आकारमा उच्चस्तरीय तालिम प्रदान गर्दै आएको छ । कार्यक्रममा अमन आइपिएम प्रतिनिधि होआङ तुआनले सिप तालिम केन्द्रको तालिमसम्बन्धी कार्ययोजना प्रस्तुत गरेका थिए ।

जापानमा औद्योगिक मेसिन उत्पादन उद्योग, इलेक्ट्रिक तथा एलेक्ट्रोनिक्स उद्योग, नर्सिङ तथा स्याहार, भवन सरसफाइ र व्यवस्थापन, कच्चा माल उत्पादन उद्योगदेखि कृषि, मत्स्यपालन तथा अक्वाकल्चर, खाना तथा पेय पदार्थ उत्पादन, खाद्य सेवासहित निर्माण, पानी जहाज निर्माण तथा मेसिनरी उद्योग, अटोमोबाइल मर्मतसम्भार, उड्डयन, होटलसम्बन्धी उद्योगमा विदेशी कामदारको माग रहेको छ ।

सीपमूलक रोजगारमा जापान जाने युवायुवतीलाई लक्षित गरेर स्थापना गरिएको सो तालिम केन्द्रमा नेपाली युवायुवतीले नि:शुल्क सीप तथा जापानी भाषा सिक्न पाउने उद्घाटन कार्यक्रममा अमन आइपिएम ओभरसिज प्रालिका अध्यक्ष प्रदीप श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठले नेपाली कामदार खाडी र मलेसियाको न्युन तलव पाउने र जोखिमपूर्ण काममा गइरहेको वाध्यतालाई परिवर्तन गरि आकर्षक तलब पाउने जापानको रोजगारीमा पठाइने बताए । उनले जापान जान चाहने युवायुवतीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार तालिम दिएर सिप र दक्ष बनाउने तालिम केन्द्रको मूल लक्ष्य रहेको पनि जानकारी दिए । उनले तालिम लिएकाहरू युरोपेली मुलुकको रोजगारीका लागिसमेत योग्य हुने मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए । तालिम केन्द्रमा जापान सरकारको मापदण्डअनुसार नेपालीलाई योग्य बनाउने गरि पाठ्यक्रम तयार गरिएको बताउँदै श्रेष्ठले जापानी रोजगारदाताहरू सीप र तालिम सहित जापानी भाषामा दक्ष कामदारको खाजीमा रहेकाले जसरी भएपनि अनुशासनमा रहेर जापानी भाषामा पोख्त हुन प्रशिक्षार्थी युवायुवतीहरूलाई आग्रह गरेका थिए ।श्रेष्ठले एसएसडब्लू अन्तरगतका सफल प्रशिक्षार्थी नि:शुल्क रूपमा जापान जान पाउने र त्यसको खर्च रोजगारदाताले व्यहोर्नुपर्ने प्रवन्ध मिलाएको बताए ।

जापानमा नेपाली कामदार कर्मठ, ईमानदार र बहादुरको पहिचान बनाएर काम गरिरहेको भन्दै ओभरसिजका म्यानेजिङ डाईरेक्टर शिशिरकुमार शर्मीले एन फाइभ स्तरको भाषाको ज्ञान दिनुका साथै जापानी श्रम बजारको माग अनुसारको सीप सिकाउने आइपिएम सानक्यू ट्रेनिङ सेन्टरको उद्देश्य रहेको जानकारी दिए ।

कार्यक्रममा नेपाली तथा जापानी कला संस्कृति झल्काउने सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

# नेपाल–चीन सिमानामा हाटबजार पूर्वाधार निर्माण गरिने

**मुस्ताङ/मस-** नेपाल-चीन सिमाना उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रमा हाटबजार पूर्वाधार निर्माण गरिँदै छ । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशअन्तर्गत पूर्वाधार विकास कार्यालयले कोरलानाकामा स्थानीयका लागि हाटबजार व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्ने जनाएको हो ।



नेपाल-चीन कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा ५० लाख बजेट विनियोजन भएको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जगदीश जोशीले जानकारी दिए । उनले कोरलास्थित सीमानाकामा हाटबजार निर्माणका लागि प्रारम्भिक सर्वे अध्ययन गरिएको उल्लेख गरे ।

'हाटबजार लागि सर्वे अध्ययन, लागत अनुमान र डिजाइनको काम सुरु गरेका छौं, साथै स्थानीय जनप्रतिनिधि र हाटबजार चलाउने व्यापारीको धारणा बुझ्दै छौं', उनले भने, 'यसलाई कस्तो डिजाइनको बनाउने भन्ने अहिले यकिन भइसकेको छैन ।' नेपाल-चीन उत्तरी कोरलानाका विसं २०८० कात्तिक २७ गते औपचारिक रूपमा उपल्लो मुस्ताङका नागरिकका लागि खुल्ला गरिएको थियो । सीमावर्ती क्षेत्रका स्थानीय नागरिकका लागि बाह्रै महिना कोरलानाकाको ढोका खुल्ला गरिएसँगै चिनियाँ मालसामान बिक्री गर्न अस्थायी रूपमा त्रिपाल टाँगेर हाटबजार सञ्चालन गर्दै आइरहेका छन् । नाका आसपास करिब दुई दर्जन बढी नागरिकले हाटबजारमार्फत व्यापार सञ्चाल गर्दै आएका छन् । समुन्द्री सतहबाट चार हजार ६ सय २० मिटरको उचाइमा अवस्थित कोरलानाकामा हाटबजारका साथै स्थानीय युवालाई वैकल्पिक व्यापार व्यवसाय चलाएर आर्थिक जीविकोपार्जनमा योगदान पुगेको छ । नाकामा हाटबजार चलाउने स्थानीयका लागि भरपर्दो पूर्वाधार नहुँदा हिमपात, चिसो र हावाहुरीको सामाना गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने उद्देश्यले पूर्वाधार निर्माणको पहल थालिएको जोशीले बताए ।

पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जोशीले कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि विनियोजित बजेट अपुग हुने देखिएमा प्रदेश सरकारसँग थप माग गर्नुपर्ने आवश्यकता औंल्याए ।

विसं २०८१ कात्तिक १४ गते नेपाल-चीन सिमाना कोरलास्थित अध्यागमन कार्यालयको उद्घाटनमा पुगेकाका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरला नाकामा अव्यवस्थित रूपमा सञ्चालन भएका हाटबजारलाई व्यवस्थित गर्ने बताएका थिए । त्यसपछि उनले नाकामा हाटबजार व्यवस्थापन गर्न आंशिक बजेट विनियोजन गरेका हुन् । प्रदेश सरकारबाट विनियोजित बजेट न्यून भएको स्थानीय सरोकार भएकाहरूको भनाइ छ ।

पछिल्लो समय कोरलानाका व्यापारिक केन्द्रका रूपमा मात्रै नभई पर्यटकीय गन्तव्यसमेत बनेको छ । नाकामा हुने अनुकूल मौसमका कारण दिनहु सयौं पर्यटक यहाँ पुग्ने गरेका छन् । गत ३० भदौदेखि यस नाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै पर्यटकीय चहलपहल पनि बढेको स्थानीय बताउँछन् ।

नाकामा नेपाल पक्षबाट आवश्यक भौतिक पूर्वाधार निर्माण नहुदा यहाँ पुग्ने पर्यटक तथा हाटबजार चलाएर बस्ने नागरिकलाई सास्ती हुँदै आएको छ । नाकामा खानेपानी, शौचालय र हाटबजारका स्टललगायत पूर्वाधार नहुँदा समस्या हुँदै आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बताए । नाकामा पूर्वाधार निर्माणका लागि स्थानीय तह एक्लैले काम गर्न गाह्रो हुने भएकाले प्रदेश सरकारसँग समन्वय गरिएको उनको भनाइ छ ।

# मोबाइल ग्यारेज एप सार्वजनिक

**काठमाडौं/मस-** सीपलाई समाधानसँग जोड्ने नाराका साथ 'मोबाइल ग्यारेज एप' लन्च भएको छ । शनिबार काठमाडौंमा मोबाइल ग्यारेज टिमले एक कार्यक्रमको आयोजना गर्दै मोबाइल ग्यारेज नामक एप सार्वजनिक गरेको हो ।

सो एप समुदाय केन्द्रित डिजिटल प्लेटफर्म हो, जसले सवारी धननीहरूलाई लक्षित गरी सेवा दिने गर्छ । नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले एप उद्घाटन कार्यक्रममा बोल्दै नेपालका जुनसुकै सडक सञ्जालमा यात्रा गरिरहेको समयमा सवारी साधन बिग्रिए उक्त ठाउँमा मोबाइल ग्यारेज एपमार्फत मेकानिकहरू पुग्ने बताए ।



'नेपालमा पहिलो पटक यस्ता एपहरुको सुरुवात गरिएको छ, हामीले प्रयोग गर्ने सवारी साधन विरामी भए ग्यारेज लानुपर्छ, नेपालका जुनसुकै सडक सञ्जालमा यात्रा गरिहेका हुन्छौं, कतै बिग्रियो भने समस्यामा पर्छौं, त्यसमा यस्ता एपहरूको मद्दतले जहाँ सवारी साधन बिग्रियो त्यहाँ मेकानिकहरू पुगेर सहयोग गर्छन् र गन्तव्यमा पुग्न सहयोग पुग्छ', गजुरेलले भने ।

गजुरेलले यातायात क्षेत्रलाई सुव्यवस्थित गर्नुपर्ने भन्दै विकासको आधार नै यातायात रहेको बताए । साथै, उनले नेपालमा सडक व्यवस्थित गर्न र सुरक्षित यात्राका लागि सबैभन्दा बढी नेपाल प्रहरी खटिएको भन्दै ट्राफिक प्रहरीलाई धन्यवाद दिँदै प्रहरीलाई प्रविधिमैत्री बनाउनुपर्ने बताए ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**